# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २६२ | काठमाडौं | शुक्रबार, ०४ माघ २०८१ | Prabhab National Daily | Friday, January 17, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**भूकम्पबाट जोगिन सचेत बनौं**

- भूकम्पको वेला जोगिने उपायहरूको पूर्वअभ्यास गरौं,
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं,
- आफ्नो घरको संरचना ख्याल गर्दै भूकम्प प्रतिरोधी बनाऔं,
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं,
- भूकम्प आउँदा सुरक्षित स्थानमा बसौं,
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार गरेर राखौं,

**भूकम्पको सम्भावित जोखिमवाट बचौं र बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## स्वास्थ्यमा धमाधम लोकप्रिय कार्यक्रम

- पक्षघातका बिरामीको उपचार निःशुल्क
- १४ वर्ष मुनिका बालबालिकाको क्यान्सर उपचार निःशुल्क
- सबै जलनपीडितका उपचार निःशुल्क

■ जेबी योञ्जन

**काठमाडौं–** पक्षघातको उपचारमा प्रयोग हुने निकै महङ्गो औषधी निःशुल्क पाइने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले पक्षघातको उपचारमा प्रयोग हुने थ्रोम्बोलाइटिक ड्रग्स नामको औषधी निःशुल्क दिने बिहीबार निर्णय गरेका हुन् ।

औषधीको एउटा मात्राको मूल्य नेपालमा झण्डै एक लाख ३८ हजार पर्छ । चिकित्सकहरूका अनुसार सहजै उपलब्ध नहुने भएकाले पनि धेरैको ज्यान गइरहेको छ । तर, मन्त्री पौडेलको निर्णयसँगै अब भने पक्षघातका बिरामीहरूले महङ्गो औषधी किन्न नपर्ने भएको हो ।

औषधीका लागि अमेरिकी सहयोगमा प्राप्त भएको छ । 'च्यारिटी डाइरेक्ट रिलिफ' नामक संस्थाले औषधीका लागि सहयोग गर्ने भएको हो । सहयोगसम्बन्धी समझदारीमा रिलिफ र मन्त्रालयबीच हस्ताक्षर भइसकेको छ । समझदारीअनुसार संस्थाले नेपाललाई पाँच वर्षसम्मका लागि आवश्यक औषधी मागका आधारमा उपलब्ध गराउने प्रतिबद्धता जनाएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रभावलाई बताए ।

नेपालमा पक्षघातबाट हरेक वर्ष झण्डै आठ सय जनाले ज्यान



> उपचार गर्न सकिने भए पनि औषधी दुर्लभ र महँगो हुँदा धेरैको ज्यान जाने गइरहेको पायौँ, त्यसैले जीवनरक्षाका लागि सरकारले नै औषधी प्रदान गर्ने व्यवस्था मिलाउन लागेका हौँ ।
>
> ■ **प्रदीप पौडेल**
> **स्वास्थ्य तथा जनसंख्यामन्त्री**

गुमाइरहेको सरकारी तथ्याङ्क छ । यसले गर्दा जनताको जीवन रक्षाका लागि महङ्गो औषधी निःशुल्क वितरण गर्न लागिएको मन्त्री पौडेलले बताए । 'उपचार गर्न सकिने भए पनि औषधी दुर्लभ र महँगो हुँदा धेरैको ज्यान जाने गइरहेको पायौं, त्यसैले जीवनरक्षाका लागि सरकारले नै औषधी प्रदान गर्ने व्यवस्था मिलाउन लागेका हौं', बिहीबार पोखरा पुगेका पौडेलले भने ।

रक्तचाप र मुटुसम्बन्धी समस्या देखिएका व्यक्तिमा पक्षघात हुने अवस्थामा औषधी प्राप्त नहुँदा ज्यान जाने संख्या बढेको मन्त्रालयको विवरणमा छ । त्यही भएर औषधीलाई सर्वसुलभ पार्नेसँगै निःशुल्क गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको पनि प्रवक्ता बुढाथोकीले बताए ।

### चिकित्सा क्षेत्र व्यवस्थित पार्ने जमर्को

मन्त्री पौडेलले चिकित्सा क्षेत्रलाई व्यवस्थित गर्ने प्रयास भइरहेको बताएका छन् । नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेर अघि बढ्नलाई त्यसो गरिनु आवश्यक रहेको मन्त्री पौडेलले बताएका छन् । उनले पोखरा स्वास्थ्य विज्ञान प्रतिस्ठानको कार्यक्रममा भनेका थिए, 'थोरै लगानीमा धेरै प्रतिफल उपलब्ध गराउनुपर्ने अवस्थालाई दृष्टिगत गर्दै यस क्षेत्रलाई व्यवस्थित एवं प्रभावकारी बनाउनेतर्फ सरकार लागिपरेको देखियो ।'

स्वास्थ्य क्षेत्रमा अनुसन्धानात्मक प्रक्रिया बढाउने सरकारको योजना रहेको पनि उनको भनाइ छ । राज्यले लगानी गरेर तयार गरेको जनशक्तिलाई स्वदेशमा नै उपयोग गर्नुपर्नेमा जोड दिँदै उनले स्वदेशमा नै जनशक्ति टिकाउने अवस्था सिर्जना हुनुपर्ने बताए ।

उनले मन्त्रालयले औषधी वितरण र उपचारको व्यवस्थापनका लागि निर्देशिका बनाउने प्रक्रिया अघि बढाइसकिएको उल्लेख गरे । गत ८ पुसमा स्वास्थ्यमन्त्री पौडेलले सिकलसेल एनिमियाका बिरामीलाई निःशुल्क औषधी र स्तरीय उपचारको व्यवस्था गरिने बताएका थिए ।

क्रमशः पृष्ठ २ मा

## देउवाले 'सिग्नल' नदिएपछि विपक्षी मोर्चा 'ब्याक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** मंगलबारबाट एकाएक गर्माएको राजनीतिमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले कुनै 'सिग्नल' नदिएपछि विपक्षी मोर्चा पछि हटेको छ । एमालेसँग मिलेर सरकार चलाइरहेका कांग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाउने विपक्षी दलका नेता माओवादी अध्यक्ष पुष्पकमल दाहाल कस्सिएका थिए ।

यद्यपि आफ्ना मन्त्रीहरूलाई बुढानिलकण्ठ बोलाएर वर्तमान सरकार नै निरन्तर जाने संकेत पाएसँगै दाहाल पछि हटेका हुन् । विपक्षी मोर्चाले बिहीबारका लागि तय गरेको पत्रकार सम्मेलनसमेत आजका लागि सारेको छ । 'विपक्षी दलहरूले बिहीबार बिहान गर्ने भनिएको पत्रकार सम्मेलन शुक्रबार दिउँसो ३ बजेका लागि स्थगित गर्ने भएको छ,' बिहीबार बिहान ११ बजे माओवादी अध्यक्ष दाहालको सचिवालयले विज्ञप्ति जारी गऱ्यो । त्यसअघि नै माओवादी अध्यक्ष दाहाले चितवनको माडीमा बोटे समुदायले आयोजना गरेको कार्यक्रमतिर लागेका थिए ।

आज २ बजे सिंहदरबारस्थित प्रमुख प्रतिपक्षी दलहरूको बैठक राखेरमात्र नयाँ बानेश्वरको संसद भवनमा पत्रकार सम्मेलन गर्ने दाहालको सचिवालयले जनाएको छ । यसअघि सत्तारुढ दलमा खटपट देखिएको थियो । सात बुँदे सम्झौताअनुसार एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली अघि नबढेको, बीआरआई सम्झौतामा कांग्रेसको अडानलाई लत्याएको, अध्यादेशको विषयमा कांग्रेस असन्तुष्ट देखिन्यो । तर बिहीबार दिउँसो लन्च मिटिङ राखेर आफ्ना मन्त्रीहरूलाई देउवाले यही सरकार निरन्तर हुने र राम्रोसँग काम गर्न निर्देशन दिएपछि कांग्रेसभित्रको विरोधी स्वर चुपचाप रह्यो ।



- कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्ना पार्टीका मन्त्रीहरूलाई बुढानिलकण्ठ बोलाएर अहिलेको समीकरण नै निरन्तर जाने बताएसँगै विपक्षी मोर्चा मौन
- बुधबार तातिएका विपक्षी मोर्चाका नेता माओवादी अध्यक्ष देउवाको सिग्नल नपाएसँगै पत्रकार सम्मेलन स्थगित गरेर चितवनको माडीमा पुगेका थिए
- अध्यादेशबारे कांग्रेसभित्र व्यापक आलोचना हुँदसमेत कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बुढानिलकण्ठ बैठकमा पहिल्यै छलफल भएर सरकारले ल्याएको अध्यादेशको स्वामित्व लिनुपर्ने बताए

'सभापतिजीले आर्थिक समृद्धि र जनताको काममा ध्यान दिनु यही समीकरण अघि बढ्छ भन्नुभयो,' बैठकपछि गृहमन्त्री रमेश लेखकले भने । जबकि बैठकमा सहभागी अधिकांश मन्त्रीले कार्यसम्पादनको ब्रिफिङका क्रममा सात बुँदे सम्झौताअनुसार काम अगाडि नबढेको गुनासो गरेका थिए । 'सबै मन्त्रीहरूबाट आएको सुझाव एउटै हो, एमालेसँग सात बुँदे सम्झौताअनुसार नै काम गर्नुपर्छ भनेर,' गृहमन्त्री लेखकले भने । कांग्रेस संस्थापनइतरका मन्त्रीहरूले भने ओली नेतृत्वको सरकारमा सोचेजस्तो काम गर्न नसकेको गुनासो गरेका थिए । 'हामीले सोचेजस्तो काम नै गर्न सकेनौ,' खेलकुद मन्त्री तेजुलाल चौधरीले भने । यी विषयमा गुनासो गरे पनि देउवाले ठाडै एमालेसँगैको समीकरणबाट दयाबायाँ नसोचिने बताए पछि मन्त्रीहरू मौन बसेर बैठक सकिएको थियो ।

### कांग्रेस मन्त्रीहरूलाई १० बुँदे निर्देशन

अध्यादेशबारे कांग्रेसभित्र व्यापक आलोचना हुँदसमेत कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पहिल्यै नै छलफल भएर सरकारले ल्याएको उल्लेख गर्दै यसको स्वामित्व लिनुपर्ने बताएका थिए । बैठकलगत्तै कांग्रेस संसदीय दलको कार्यसमिति बैठकले मन्त्रीहरूलाई १० बुँदे निर्देशन जारी गरेको छ ।

सरकारलाई सफल बनाउन र विधेयकहरूलाई टुंगोमा पुऱ्याउन सक्रिय हुनसमेत मन्त्रीहरूलनाई बैठकले निर्देश गरेको छ । 'सरकारलाई प्रभावकारी र सफल बनाउन सक्रिय ढंगले कार्य गर्न महत्वपूर्ण विषयहरूमा नियमित छलफल गर्न सरकारमा सहभागी मन्त्रीहरूलाई संसदीय दल कार्यसमितिको बैठक निर्देशन गर्दछ,' उक्त निर्देशनमा भनिएको छ, 'संसदका विषयगत समितिहरूमा विचाराधिन विधेयकहरूलाई टुंगोमा पुऱ्याउन सक्रियता साथ कार्य गर्न नेपाली कांग्रेस सम्बद्ध तत समितिका सभापति सहितका माननीयहरूलाई यो बैठक निर्देशन गर्दछ ।'

त्यसैगरी कांग्रेसले आफ्ना मन्त्रीहरूको कार्यक्षेत्रमा पर्ने परियोजना समयमै सम्पन्न गराउनसमेत निर्देशन दिएको छ । 'नेपाली कांग्रेसका माननीय मन्त्रीहरूलाई आ-आफ्नो मन्त्रालयको कार्यक्षेत्रमा रहेका विगतदेखिका भौतिक परियोजना र अन्य कार्यक्रम समयमा सम्पन्न गर्न यो बैठक निर्देशन गर्दछ,' निर्देशनमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### सरकारले ल्याएको अध्यादेशमा एनआरएनएको असन्तुष्टि

## 'गैरआवासीय नेपाली नागरिकताको सवालमा गरिएको व्यवस्था संविधानको भावनाविपरीत'

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघले राष्ट्रपतिबाट हालै जारी अध्यादेशमा गैरआवासीय नेपाली नागरिकताको सवालमा संविधानको मर्मविपरीत अधिकार कटौती गरिएको भन्दै विरोध जनाएको छ । संघले बिहीबार विज्ञप्ति जारी गरी आफूहरूको सहमतिमा तयार पारिएको ऐनको मस्यौदाविपरीत प्रावधान राखेर अध्यादेश आएकोप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

गैरआवासीय नेपालीको लगानी अभिवृद्धि गर्नका लागि मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट जारी भई राजपत्रमा प्रकाशित भएको 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१'का केही प्रावधानप्रति संघले आपत्ति जनाएको हो ।

उक्त विधेयकको दफा (२) ११ को, (क) उपदफा (१) मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा परिचयपत्र प्राप्त नेपाली मूलको




विदेशी नागरिक वा निजको परिवारलाई १० वर्षसम्मको गैरआवासीय भिसा निःशुल्क उपलब्ध गराइने छ' भनी गरिएको संशोधनले गैरआवासीय नेपाली नागरिकताको सवालमा संविधानले परिकल्पना गरेको अधिकारलाई सम्बोधन गर्न नसकेको संघको भनाइ छ ।

यसैगरी सोही दफाको (ख) उपदफा (१) पछि देहायको उपदफा १ (क) मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्ष अवधिको बहुप्रवेश सुविधासहितको आवासीय भिसा निःशुल्क उपलब्ध गराइने छ' भनी गरिएको व्यवस्था पनि संविधानको मर्मविपरीत भएको संघले जनाएको छ । संविधानको धारा १४ को मर्मअनुसार नेपाल आउँदा प्रवेशाज्ञा आवश्यक नपर्नेलगायत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार आवासीय नेपालीसरह हुनेगरी कानुन संशोधन हुनुपर्नेमा त्यस्तो हुन नसकेकोप्रति संघले आपत्ति जनाएको छ ।

'नेपाल कानुन सुधार आयोगले यस संघसँग पटक-पटक परामर्श गरी 'गैरआवासीय नेपालीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' तयार पारेको थियो । तर, हाम्रो बारम्बारको अनुरोध र पैरवीपश्चात् पनि उक्त ऐनको मस्यौदाविपरीत 'आफ्नै नागरिकलाई भिसा दिने' विरोधाभाषपूर्ण व्यवस्था अध्यादेशमा आएकोले समस्त गैरआवासीय नेपालीहरूलाई निराश तुल्याएको छ,' संघले भनेको छ ।

संविधानले परिकल्पना गरेअनुसारको आवासीय नेपालीसरह सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार प्राप्त हुनेगरी ऐन संशोधन गर्न संघले माग गरेको छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त नागरिकहरूको सम्पत्ति तथा लगानीसम्बन्धी सुरक्षा तथा हकअधिकारको सम्बन्धमा अझ प्रस्ट कानुनी सुधार आवश्यक रहेको संघको भनाइ छ ।

यद्यपि, 'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१' मार्फत सहजीकरण गर्ने गरी भएको संशोधनको भने संघले स्वागत गरेको छ । 'गैरआवासीय नेपाली नागरिकताबाट कम्पनी खोल्न पाउनेगरी सहजीकरण भएको तथा लगानीसमेतलाई व्यवस्थीकरण गरेकामा संघ हार्दिक स्वागत गर्दछ,' संघले भनेको छ, 'गैरआवासीय नेपालीसम्बन्धी ऐनको 'दफा ७ र ८' अनुसार लगानी थप सहजता गरिएबाट नेपालमा लगानीको वातावरण थप सहज हुनेमा संघ आशावादी छ ।'

नेपालबाट विदेशमा लगानी गर्न बाटो खोलिदिएबाट गैरआवासीय नेपालीहरूबाट प्रवर्द्धित व्यवसायमा थप जनशक्ति तथा पुँजीको प्रवाह भई नेपाली उत्पादनको विश्वबजारीकरण र लगानी प्रवर्द्धनको कार्य अघि बढ्ने संघले अपेक्षा व्यक्त गरेको छ ।




# वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि आक्रमण गर्नेलाई कारबाही माग

**काठमाडौं (प्रस)–** डेमोक्र्याटिक लयर्स एसोसियसन (डिएलए) नेपालले अदालतभित्र वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको आक्रमणको निन्दा गर्दै यो कानुनी शासन र लोकतान्त्रिक पद्धतिविपरीत भएको जनाएको छ ।

डिएलएका अध्यक्ष वरिष्ठ अधिवक्ता सीताराम केसी र महासचिव अधिवक्ता ज्ञानेन्द्रप्रसाद अधिकारीद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको मुद्दामा पीडितको तर्फबाट बहसपैरवी गरी अदालतबाट बाहिरिने क्रममा भएको आक्रमणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। 'कानुन व्यवसाय स्वतन्त्र न्यायपालिकाको अंग हो, अदालतमा उपस्थित भई पक्षको तर्फबाट स्वतन्त्र र नीर्भिकरूपमा बहसपैरवी गर्नु कानुन व्यवसायीको संवैधानिक तथा कानुनी अधिकार हो,' डिएलएद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

डिएलए नेपालले काठमाडौं जिल्ला अदालतबाट बाहिरिने क्रममा हुलदंगा, लछार पसार, कुटपिट तथा नाराबाजी गर्नु स्वतन्त्र न्यायपालिका, कानुनी शासन र लोकतान्त्रिक पद्धतिविपरीत भएको जनाएको छ । यस्तो गतिविधिमा संलग्न हुनु गैरकानुनी भएको भन्दै डिएलएले सोको भर्त्सना गरेको छ । वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि आक्रमण गर्ने व्यक्तिको पहिचानसहित तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न डिएलए नेपालले विज्ञप्तिमार्फत सरकारसँग अनुरोध गरेको छ ।

# बोझेनीका स्थानीय पक्राउ गरिएकोप्रति घेदुङको आपत्ति

**काठमाडौं (प्रस)–** नेपाल तामाङ घेदुङले शंखरापुर नगरपालिकाको बोझेनीस्थित स्थानीयलाई पक्राउ गरिएको घटनाप्रति आपत्ति जनाएको छ । नेपाल विद्युत् प्राधिकरणले स्थानीयको सहमतिविपरीत सबस्टेसन निर्माण गरिरहेको विरोधमा बिहीबार शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका करिब डेढ दर्जन स्थानीयलाई प्रहरीले पक्राउ गरेपछि घेदुङले विरोध जनाएको हो ।

पक्राउ पर्नेमा शंखरापुर नगरपालिका-३ बोझेनीका स्थानीय आइते तामाङ, माइते वाइबा, चित्रबहादुर पाखिन, काइला तामाङ, आइते पाखिन, नीरमाया तामाङ, लक्ष्मी तामाङ, सन्त पाखिन, जुनुमाया तामाङ, मंगली तामाङ, मियमाया तामाङ, फूलमाया तामाङ, तिउकी तामाङ, ठूलीमाया घिसिङ, कान्छी तामाङलगायत रहेका घेदुङद्वारा बिहीबार जारी विज्ञप्तिमा जनाइएको छ ।

'स्थानीय समुदायको सहमति नलिई मानवबस्ती क्षेत्रमा निर्माण भइरहेको लप्सीफेदी-चाँगुनारायण सबस्टेसन निर्माण आयोजनाले पार्ने असरको विरुद्धमा वर्षौंदेखि निरन्तर खबरदारी आन्दोलन गर्दै आएको र यसक्रममा आज प्रहरीले शान्तिपूर्ण विरोधमा रहेका करिब डेढ दर्जन स्थानीय तामाङ समुदायका व्यक्तिहरूलाई गिरफ्तारी गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' घेदुङका महासचिव जगतमान लामा दोङले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'वृद्धवृद्धा, महिला, अशक्त बिरामीसमेतको मानवीय सम्वेदनशीलताको कुनै पर्वाह नगरी निर्मम दमन र गिरफ्तारी गरिनु आफैंमा निन्दनीय तथा मानवअधिकार विरोधी क्रियाकलाप हो भन्ने हाम्रो ठहर रहेको छ ।'

घेदुङले स्थानीय समुदायको शान्तिपूर्ण आन्दोलनमाथि भइरहेको अनावश्यक बल प्रयोग बन्द गर्न माग गरेको छ । पक्राउ परेकाहरूलाई विनासर्त तत्काल रिहाइ गर्न र वार्तामार्फत समस्याको दीर्घकालीन समाधान खोज्नसमेत घेदुङले माग गरेको छ। बोझेनीका यहाँका स्थानीय लामो समयदेखि आन्दोलनरत रहे पनि प्राधिकरणले माग सुनुवाइ गरेको छैन । सुरक्षाकर्मी परिचालन गरी जबरजस्ती काम अगाडि बढाएपछि स्थानीय थप आक्रोशित बनेका हुन् ।

पृष्ठ १ बाट क्रमशः

## देउवाले 'सिग्नल'...

मन्त्रीहरूले नागरिकको गुनासो सुन्न हप्ताको २ दिन दिनुपर्ने निर्देशनसमेत कांग्रेसले जारी गरेको छ । 'नेपाली कांग्रेसका माननीय मन्त्रीहरूलाई हप्तामा २ निश्चित दिन खुल्ला भेटघाट गर्ने, नागरिकको गुनासो सुन्ने, सुझाव लिने र बाँकी ५ दिन सम्पूर्णरूपले आ-आफ्नो मन्त्रालयको काममा केन्द्रित हुन यो बैठक निर्देशन गर्दछ,' कांग्रेसले भनेको छ ।

त्यसैगरी पार्टीको केन्द्रीय कार्यालयमा महिनामा एक पटक एक जना मन्त्री पुगेर पार्टीको प्रदेश समिति, जिल्ला, क्षेत्र एवं स्थानीय तहहरू मार्फत पार्टी केन्द्रीय कार्यालयमा आउने गरेका नागरिकका सुझाव र मागहरूका सम्बन्धमा उपस्थित भएर छलफल गर्नसमेत निर्देशन दिएको कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरेले जानकारी दिए। पाँच घण्टासम्म चलेको बैठकले संसद बैठक आह्वानसम्बन्धी निर्णय भने गरेन । प्राय मंसिरमै बोलाइने प्रतिनिधि सभाको बैठक दुई तिहाईको सरकारले माघ लाग्दासमेत बोलाएको छैन । बरु अरु बेला अध्यादेशको विरोध गर्ने कांग्रेससमेत ओली नेतृत्वको सरकारमा रमाइरहेको छ।

■■■

## स्वास्थ्यमा धमाधम...

अस्पतालमा छुट्टै वार्डको व्यवस्था गर्ने पनि भनेका थिए। त्यसका लागि उनले पहलकदमी अघि बढाएका छन् । बाँके, बर्दियालगायत पश्चिम नेपालमा थारु समुदायमा सिकलसेल एनिमियाका बिरामीहरू धेरै छन् । गत ५ मङ्सिरमा मन्त्री पौडेलले निःशुल्क बाल क्यान्सर उपचार सेवा घोषणा गरेका थिए । भक्तपुर क्यान्सर अस्पतालमा उक्त सेवाको उद्घाटन भएको हो । यसअनुसार अब १४ वर्षमुनिका बालबालिकाको क्यान्सरसम्बन्धी सम्पूर्ण उपचार भक्तपुर क्यान्सर अस्पतालमा हुने भएको हो ।

मन्त्री पौडेलका अनुसार काठमाडौंको कान्ति बाल अस्पताल र चितवनको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बालबालिकाको क्यान्सर उपचार सेवा मङ्सिर १ गतेदेखि निःशुल्क सुरु भएको छ। यस्तै, जलनका सबै बिरामीको उपचार सरकारले गर्ने भएको छ । उनलाई रास्वपा सांसद विन्ध्यावासिनी कंशाकारसहितको टिमले जलनका बिरामीको उपचार निःशुल्क उपलब्ध गराउन माग गरेको थियो।

गत २७ साउनमा मन्त्री पौडेलले स्वास्थ्य बिमाको दायरा कम्तीमा पाँच लाख बनाउने गरी कार्ययोजना सार्वजनिक गरेका थिए । तर, कार्ययोजनाअनुसार काम भने हुन बाँकी रहेको मन्त्रालयले जनाएको छ। आमा सुरक्षा कार्यक्रम, विपन्न नागरिक औषधी उपचार कार्यक्रम र निःशुल्क उपचारका सबै कार्यक्रमलाई एकीकृत गरेर बिमामा जोड्ने, सातै प्रदेशमा मानव अंग प्रत्यारोपण केन्द्र स्थापना, औषधीको मूल्य समायोजन र औषधी व्यवस्था विभागको क्षमता सुदृढीकरण, औषधीको मूल्य समायोजन गरिने मन्त्री पौडेलले बताएका छन्।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/०४**

**हिट मोई थाई किकबक्सिङ एण्ड फिटनेस एकेडेमी प्रा.लि.**को मिति २०८१/०९/२२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **टाइगर मुवाँ थाई फाइट जिम प्रा.लि.** (प्रा.लि. नं.: २९७७४८) कायम गर्ने गरी मिति २०८१/०९/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एन.सि.एस.सप्लायर्स प्रा.लि.(लिक्विडेसन) सम्बन्धमा हक दावी गर्न आउने बारे सूचना

*(प्रकाशित मिति : २०८१/१०/०४ गते)*

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०६९/१२/०९ मा दर्ता भएका प्रा.लि.नं. ११०५८०/०६९/०७० को एन.सि.एस.सप्लायर्स प्रा.लि.लाई खारेजी (लिक्विडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा १२६ वमोजिम मिति २०८१/०९/२६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाणसहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८१/१०/०४ गते**

यस कम्पनीको मिति २०८१/०९/२३ मा सम्पन्न विशेष/वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **(पासपे टेक प्रा. लि.)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा नाम परिवर्तन गरी **फिनटेक सोलुसन्स प्रा. लि. (प्रा. लि. नं. १३३५०)** कायम गरी मिति २०८१/०९/२६ को कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## एन.सि.एस. एफ.एम.प्रा.लि. (लिक्विडेसन) सम्बन्धमा हक दावी गर्न आउनेबारे सूचना

*(प्रकाशित मिति : २०८१/१०/०४ गते)*

कम्पनी ऐन २०६३ वमोजिमको मिति २०६७/०८/१७ मा दर्ता भएका ९०१२२/०६८/०६९ को दर्ता मिति २०६८/१०/१५ को एन.सि.एस.एफ.एम.प्रा.लि.लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ वमोजिम मिति २०८१/०९/२६ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम् कोही/ कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाणसहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हक दावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## पुथा उत्तरगङ्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश,नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/०८/०४**

यस कार्यालयबाट मिति २०८१/०८/०२ र २०८१/०९/०४ गतेको राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता भई प्राविधिक रुपमा सफल भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोत्तपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (P.S र मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | EGP/PURMO/NCB/WORKS/SCL/**81/82-01** | Construction of four Roomed School Building at Shree Sanobheri Aa.Bi KharKhola-07, Shree ,Aadarsha Aa.Bi Dimurgairah-06, Shree Janjyoti aa.bi Jang-07 and 2 roomed school building at Shree Janpriya Aa.bi Ghumlibang-10 | श्री NC-SN J.V. Kathmandu | २,१८,७१,४४५.२९ |

**प्रमुख प्रशासकिय अधिकृत**

## एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/१०/०४

यस बैंकका निक्षेपकर्ता श्री लच्छीराम पुनको नाति श्री राम दल पुनको छोरा, म्याग्दी जिल्ला, हिस्तान गा.वि.स. घराम्दी बडा नं.२ घर भई हाल म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका बडा नं. ७ बस्ने वर्ष ९३ को श्री बल बहादुर पुन (ना.प्र.नं. ७१५ जारी मिति २०४४/१२/१८, जारी जिल्ला म्याग्दी) को मिति २०८१/०८/२५ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको सहोदर श्रीमती धनी पुनले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती धनी पुनको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको
### वार्षिक साधारण सभा बस्ने सूचना

मिति २०८१।१०।०२ (तदनुसार १५ जनवरी २०२५) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको ४३ औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति : २०८१ माघ २४ गते (६ फेब्रेअरी २०२५) बिहीबार ।
समय : बिहान ९:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं ।

**छलफलका विषयहरु :**

१. आर्थिक वर्ष २०८०।८१ को संचालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको ३१ आषाढ २०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह लगायत बित्तिय बिबरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. संचालक समितिले प्रस्ताब गरे बमोजिम लाभांश स्विकृत गर्ने ।
४. व्यवसायीक सामाजिक जिम्मेवारीका लागी छुट्याइएको रकम अनुमोदन गर्ने ।
५. कम्पनी ऐनको दफा ७८ अर्न्तगतको प्रतिबेदन र उद्घोषण प्रस्तुत गर्ने ।
६. संचालकहरुको पारिश्रमिक अनुमोदन गर्ने ।
७. आर्थिक बर्ष २०८१।८२ का लागि लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने ।
८. बिबिध ।


नोट : साधारण सभा तथा लाभांश बितरण प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८१ माघ १८ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## अधिकृत वारेशनामा बदर गरिएको सूचना

म जिल्ला बारा प्रसौनी गा.पा. हाल वडा नं. २ बस्ने सुसिला देवी कलवारको स्व. पति नरसिंह प्रसाद कलवारको नाम दर्ताको जि.बारा खुटवा गा.पा. वडा नं.६ कि.न. ७१७ को ज.वि. २-१८-० जग्गा काठमाडौं जिल्ला मन. पा. वडा नं. २० बस्ने सतिस कृष्ण मान्धरलाई मिति २०६८।०५।१५ मा बा.जि.अ. बाट अधिकृत वारेशनामा दिनुभएकोमा पति नरसिंह प्रसाद कलवार प्रलोक हुनुभएकोले सो अधिकृत वारेसनामा आजकै मितिमा बदर गरिएको सूचना प्रकाशन गरिएको छ ।


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०४ माघ, २०८१

| | |
|---|---|
| मेष | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| वृष | सुखद् समाचारले उत्साह जगाउन छ । |
| मिथुन | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| कर्कट | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| सिंह | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| कन्या | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| तुला | दिगो कामको जग बसाउन सकिने छ । |
| वृश्चिक | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| धनु | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| मकर | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| कुम्भ | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| मीन | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४२५५५४०/४२५५५४१ |
| | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०४ माघ, २०८१ (१७ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३७.०६ | १३७.६६ |
| युरो | १ को | १४१.१८ | १४१.८० |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.३९ | १६९.१२ |
| स्विस फ्रैन्क | १ को | १५०.२२ | १५०.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८४.९३ | ८५.३० |
| क्यानाडियन डलर | १ को | ९५.२४ | ९५.६६ |
| सिङ्गापुर डलर | १ को | १००.१३ | १००.५७ |
| जापानी येन | १० को | ८.६८ | ८.७२ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७७ |
| साउदी अरब रियाल | १ को | ३६.५१ | ३६.६७ |
| कतारी रियाल | १ को | ३७.५९ | ३७.७६ |
| थाई भाट | १ को | ३.९६ | ३.९८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३२ | ३७.४८ |
| मलेसियन रिङेट | १ को | ३०.४४ | ३०.५७ |
| दक्षिण कोरियन वन | १०० को | ९.३८ | ९.४२ |
| स्विडिस क्रोनर | १ को | १२.२९ | १२.३४ |
| डेनिस क्रोनर | १ को | १८.९२ | १९.०० |
| हङकङ डलर | १ को | १७.६२ | १७.६९ |
| कुवेती दिनार | १ को | ४४४.४३ | ४४६.३८ |
| बहराइन दिनार | १ को | ३६३.५६ | ३६५.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सातै प्रदेशमा पुग्यो एचपिभी खोप

**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले किशोरीलाई लगाइने पाठेघरको मुखको क्यान्सरविरुद्धको 'हच्युमन पापिलोमा भाइरस' (एचपिभी) खाप सातवटै प्रदेशमा पठाएको छ । 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)को सहयोगमा खोप नेपाल आएपछि सबै प्रदेशमा पठाइएको स्वास्थ्य सेवा विभागको आपूर्ति व्यवस्थापन महाशाखाका निर्देशक डा. पवनजंग रायमाझीले जानकारी दिए । उनले सबै १७ लाख ७० हजार २० मात्रा खोप नेपाल आइसकेको बताए ।

निर्देशक डा. रायमाझीका अनुसार गाभीले किशोरीलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउन एचपिभी खोप निःशुल्क उपलब्ध गराएको हो । संघीय सरकारले यही माघ २२ देखि फागुन ६ गतेसम्म देशभरि कक्षा ६ देखि १० सम्म र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरीलाई खोप लगाइने जनाएको छ ।

### कुन प्रदेशमा कति खोप

महाशाखाका निर्देशक डा. रायमाझीले कोशी प्रदेशमा दुई लाख ७५ हजार १८० मात्रा, मधेसमा तीन लाख ८० हजार ४६०, बागमती हेटौंडाका लागि एक लाख २५ हजार ८००, बागमती भक्तपुरका लागि दुई लाख १८ हजार २८० मात्रा पठाइसकिएको जानकारी दिए । गण्डकी प्रदेशमा एक लाख ३० हजार ८७० मात्रा, लुम्बिनीमा दुई लाख ९८ हजार ९१० मात्रा, कर्णालीमा एक लाख २४ हजार ४०० मात्रा र सुदूरपश्चिममा एक लाख ८७ हजार १२० मात्रा खोप पठाइएको छ । प्रदेशले खोपलाई सुरक्षित भण्डारण गर्ने र आ-आफ्नो जिल्लामा पठाउने उनले बताए । उक्त खोप एक मात्रा लगाएपछि पुग्ने महाशाखाका निर्देशक डा. रायमाझीले जानकारी दिए । उनका अनुसार नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सरबाट हरेक दिन चारजना महिलाको मृत्यु हुने गरेको छ ।

पाठेघरको मुखको क्यान्सरको जोखिम बढाउने मुख्य कारण हच्युमन पापिलोमा भाइरसको संक्रमण रहेकाले त्यसका विरुद्ध खोप लगाउनुपर्ने डा. रायमाझीले बताए । नेपालमा सबैभन्दा बढी महिलामा लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर र त्यसपछि स्तन क्यान्सर रहेको छ ।

### झापामा ५५ हजार किशोरीलाई एचपिभी खोप लगाइँदै

झापामा ५५ हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको 'हच्युमन पापिलोमा भाइरस' (एचपिभी) खोप लगाइने भएको छ । जिल्लाका १५ वटै स्थानीय तहका विद्यालयभित्र र विद्यालयबाहिर रहेका ५४ हजार ९९९ जना किशोरीलाई एचपिभी खोप लगाइने स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य अधिकृत प्रकाश पाठकले जानकारी दिए । विद्यालयमा रहेका कक्षा ६ देखि कक्षा १० सम्मका किशोरी र विद्यालयबाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीलाई खोप लगाइने उनले बताए । जिल्लाका सबै पालिकाका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुखलाई खोपसम्बन्धी आवश्यक तालिम र अभिमुखीकरण दिइएको जनस्वास्थ्य अधिकृत पाठकले बताए । 'खोप अभियानका लागि तथ्यांक संकलन, जनशक्ति व्यवस्थापनलगायत काम भइरहेको छ,' उनले भने । झापामा माघ २२ गतेदेखि २९ गतेसम्म एचपिभी खोप अभियान सञ्चालन हुने छ । *रासस*

# पक्षघातको औषधी अब निःशुल्क उपलब्ध हुने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री पौडेलले नेपालमा निकै दुर्लभ पक्षघातको उपचारमा प्रयोग हुने निकै महँगो औषधी निःशुल्क उपलब्ध गराउने निर्णय गरेका छन् ।

समयमा पक्षघातको उपचार नहुँदा तथा जीवनरक्षा गर्ने औषधीको अभावमा हरेक वर्ष ८०० जनाको ज्यान गइरहेको अवस्थामा गरी अमेरिका सरकारको सहयोगमा प्राप्त औषधी संघीय तथा प्रदेश अस्पतालमार्फत निःशुल्क वितरण गरिने मन्त्री पौडेलको निजी सचिवालयले जनाएको छ ।

मन्त्रालयका अनुसार रक्तचाप र मुटुसम्बन्धी समस्या भएका व्यक्तिमा पक्षघात हुने अवस्थामा औषधी प्राप्त नहुँदा ज्यान जाने जोखिम अधिक रहन्छ । 'थ्रोम्बोलाइटिक ड्रग्स' नामक औषधीको एक मात्रा सेवन गरेमा पक्षघातको सफल निदान हुने छ । एक मात्रा थ्रोम्बोलाइटिक ड्रग्सको मूल्य एक लाख ३८ हजार रूपैयाँ पर्ने गरेको छ ।

# मुलुकका विभिन्न स्थानमा आगलागीबाट करोडौंको क्षति

**काठमाडौं (प्रस)–** संखुवासभाको सभापोखरी गाउँपालिका-६ बाह्रबिसे बजारमा बुधबार दिउँसो भएको आगलागीबाट दुई करोड रूपैयाँभन्दा बढीको क्षति भएको अनुमान गरिएको छ । आगलागीबाट बाह्रबिसेमा पाँच वटा घर जलेर नष्ट भएका हुन् ।

आगो नेपाली सेना, प्रहरी र स्थानीयको सक्रियतामा निभाइएको थियो । गाउँपालिकाका अध्यक्ष भिम सिंथाका अनुसार पाँच घर जलेर नष्ट हुनुका साथै घरमा रहेका गरगहना, लत्ताकपडा र खाद्यान्न कसैले झिक्न पाएनन् । आगलागीपीडितलाई सभापोखरी गाउँपालिकाले राहत वितरण गरेको छ । गाउँपालिकाले पीडितलाई दुई थान ओड्ने र ओछ्याउने कपडा, भान्सामा प्रयोग हुने सामग्री र खाद्यान्न वितरण गरेको अध्यक्ष सिंथाले बताए ।

अग्निपीडित आफन्त र छिमेकीको घरमा बसेका छन् । आगलागीबाट रामबहादुर राई, अमृता राई, लालसिंह लिम्बू, सुशिल तामाङ र निर्मला कालाखेतीको घर जलेको प्रहरी निरीक्षक रामकुमार लामिछानेले बताए । आगलागीबाट पाँच घरका कम्तीमा १७ जना विस्थापित भएका छन् ।

बुधबार दिउँसो रामबहादुर राईको घरबाट आगलागी सुरु भएको थियो । आगलागीबाट मानवीय क्षति भने भएको छैन । आगलागीबाट भएको क्षतिको यकीन विवरण संकलन नभएको प्रहरीले जनाएको छ । सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-३ गैरीस्थित मुक्ति बास्तोलाको घरमा नेचासल्यान-३ बस्ने रमेश बास्तोलाले सञ्चालन गरेको होटलमा विद्युत् सर्ट भई बुधबार साँझ आगलागी हुँदा घर, घरभित्र रहेका लत्ताकपडा, भाँडा, अन्नपात, गरगहनालगायत अन्य सामाग्री पूर्णरूपमा जलेर नष्ट भएका छन् । उक्त आगलागीबाट करिब २३ लाख रूपैयाँबराबरको धनमाल नष्ट भएको प्रहरीले अनुमान गरेको छ ।

त्यस्तै, खोटाङको बराहपोखरी गाउँपालिका-५ मौवाबोटे बस्ने ८१ वर्षीय पदमबहादुर राईको घरमा बुधबार दिउँसो आगलागी हुँदा नगद, सुनका गरगहाना, अन्नपात, लत्ताकपडा, भाँडासहित करिब आठ लाख २२ हजार रूपैयाँबराबरको धनमाल जलेर नष्ट भएको छ ।

पर्वतको कुश्मा नगरपालिका-४ जिरो किमीस्थित हरी श्रेष्ठको कालिका कपास फचाक्ट्रीमा विद्युत् सर्ट भई बुधबार बेलुकी आगलागी हुँदा फचाक्ट्री पूर्णरूपमा जलेर नष्ट भएको छ । आगलागीबाट भएको क्षतिको विवरण संकलन भइनसकेको प्रहरीले जनाएको छ । मोरङको सुन्दरहरैंचा नगरपालिका-९ झरनापुलस्थित टप क्वालिटी पार्ट्स सेन्टर ग्यारेजमा मर्मत गरिरहेको अवस्थामा को १ च ६६१० नम्बरको कारमा ब्याट्रीको तार सर्ट भई बुधबार राति आगलागी हुँदा कार पूर्णरूपमा जलेर नष्ट भएको छ ।

**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Directorate of Education and Social Development**

## Social Development Division Office

**Nepalgunj, Banke**

## Invitation for Sealed Quotation

**IFB No: 16-081/082**
**(First Date of publication: 2081/10/04 (2025/01/17))**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/ W/SQ-114/ 2081/082 | Construction of Toilet of Darul Uloom Gulshan-E-Raza Nepalgunj-21 Birta,Banke | 8,49,945.55 | 20,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/ W/SQ-115/ 2081/082 | Rennovation of Building and Toilet Construction of Madarsa Darul Mustafa Dudwa-01 Holiya Khadaicha, Banke | 6,79,781.71 | 18,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/ W/SQ-116/ 2081/082 | Rennovation of Building of Aisha Madarsa-Tul-Banat Nepalgunj-05 Aishanagar, Banke | 16,91,005.58 | 40,000.00/ 75 Days | 1,000.00 | S.Q. |

## Re-invitation for Sealed Quotation

**IFB No: 17-081/082**
**(SecondDate of publication: 2081/10/04 (2025/01/17))**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/ W/SQ-97/ 2081/082 | Construction of Toilet of Shree Tribhuwan Ma.Vi. Kohalpur- 10 Tejanagar, Banke | 8,49,945.55 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/ W/SQ-98/ 2081/082 | Gypsum and Electrical Works of Shree Sarswoti Ma.Vi. Raptisonari-03 Bhawaniyapur, Banke | 8,49,414.29 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/ W/SQ-100/ 2081/082 | Construction of Boundary Wall of Shree Nepal Rastriya Pra.Vi. Kohalpur- 13 Simari, Banke | 6,78,583.23 | 18,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 4. | SDDOBANKE/ W/SQ-101/ 2081/082 | Construction of Boundary Wall of Shree Shati Bhawani Aa.Vi. Raptisonari- 01 Bhawaniyapur, Banke | 5,93,502.88 | 16,000.00 / 75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| 2081/10/20 B.S. (2025/02/02 AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/10/20 B.S. (2025/02/02 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | **Bank name:**Rastriya Banijaya Bank, Nepalgunj Branch<br>**Account Name:** Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Revenue (rajaswa) Account Number:** 1000100200010000<br>**Office Code:** 3500057025 (Social Development Division Office Nepalgunj, Banke)<br>**Revenue (rajaswa) Heading number:** 14229<br>**Revenue (rajaswa) Amount:** Rs.1000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | **Bank Name:** Rastriya Banijaya Bank, Nepalgunj Branch<br>**Account Name:**Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Account Number:** 4130100202030000 (Dharautikhata)<br>**Office Code:** 3500057025 (Social Development Division Office Nepalgunj, Banke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit **PPMO's** e-procurement web portal **https://www.bolpatra.gov.np/egp** and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons what sever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of

**Chief Officer**


## कतार र बहराइनमा रोजगार

कम्पनी : **SMWR ANTYRYR**

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317206 | चलानी नं. ६०२२९८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Draft man | 2 | 0 | 3000 | ११४,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९५,०७२ | | | | | | | |

कम्पनी : **M/S KOOHEJI CONTRACTOR W.L.L**

पूर्व स्वीकृति मिति : २०८१/०७/०६ | पून: स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 312548 | चलानी नं. ६०२२९८९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenters | 25 | 0 | 120 | ४४,१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Polish Painter | 15 | 0 | 120 | ४४,१०९ | | | | | | | |
| 3 | Helper | 25 | 0 | 100 | ३६,७५८ | | | | | | | |
| 4 | Scaffolder | 25 | 0 | 130 | ४७,७८५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## कुवेतमा रोजगार

कम्पनी : **LA BAGUETTE GENERAL TRADING & CONTRACTING COMPANY W.L.L**

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317172 | चलानी नं. ६०२३१३८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Saleslady | 0 | 40 | 140 | ६२,८६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman (Male) | 10 | 0 | 140 | ६२,८६३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1150/073/074

**EMPOWER HUNTR HR SOLUTION PVT. LTD.**

Sinamangal – 09 Kathmandu Nepal, Tel: +977-01-4560541/42, E-mail : info@empowerhrnepal.com.np, empowerhr1150@gmail.com, Website : www.empowerhrnepal.com.np

## साउदीमा रोजगार

कम्पनी : **Dammam Al Khair Contracting Establishment**

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No.317244 | चलानी नं. ६०२३१३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1300 | ४७,९९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24rd Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४

Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१ साल माघ महिना ४ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय टाँडीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

| १) ऋणीको विवरण |
|---|
| धन बहादुर गुइदेको छोरी बल बहादुर परियारको बुहारी अनिल परियारको पत्नी चितवन जिल्ला रत्ननगर न.पा. वडा.नं. १३ हाल, रत्ननगर न.पा. वडा नं. १२ बस्ने **चन्दा परियार** (ना.प्र.नं. : ३५-०१-७७-०१४२३ जारी मिति र जिल्ला : २०७७/०६/१३, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) हर्क बहादुर परियारको नाति बल बहादुर परियारको छोरा चितवन जिल्ला रत्ननगर न.पा. वडा नं. १२ बस्ने **अनिल परियार** (ना.प्र.नं. : ०३१८०६ जारी मिति र जिल्ला : २०६३/०६/२४, चितवन) |
| २) विर बहादुर परियारको नाति बाबुराम परियारको छोरा चितवन जिल्ला रत्ननगर वडा.नं. २ हाल, रत्ननगर न.पा. वडा नं. १२ बस्ने **सुनिल परियार** (ना.प्र.नं. : ३५१०२०/१३२४ जारी मिति र जिल्ला : २०६८/०१/२१, चितवन) |

| २) ऋणीको विवरण |
|---|
| मंगले परियारको नाति गज बहादुर परियारको छोरा चितवन जिल्ला चैनपुर वडा.नं. ९ हाल, खैरहनी न.पा. वडा नं. ४ बस्ने **अमर परियार** (ना.प्र.नं. : ३५३०१५/६५२ जारी मिति र जिल्ला : २०६३/१०/२५, चितवन) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| १) पुन बहादुर परियारको छोरी मंगले परियारको बुहारी गज बहादुर परियारको पत्नी चितवन जिल्ला पिठुवा गा.वि.स. वडा.नं. ९ हाल, खैरहनी न.पा. वडा नं. ४ बस्ने **धनमाया परियार** (ना.प्र.नं. : ४७६१ जारी मिति र जिल्ला : २०५२/०२/०८, चितवन) |
| २) खडक बहादुर गुरुङ्गको छोरी विरध्वज गुरुङ्गको बुहारी रमेश गुरुङ्गको पत्नी चितवन जिल्ला चैनपुर वडा.नं. ९ हाल, भरतपुर म.न.पा. वडा नं. १० बस्ने **विनिता गुरुङ्ग** (ना.प्र.नं. : ८११०/०६३ जारी मिति र जिल्ला : २०६२/०२/१२, चितवन) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कुटनीतिमा कमजोर बन्दै सरकार

**प्रमुख ठुला दुई दल नेपाली कांग्रेस र नेकपा एमालेको समीकरणको सरकार कुटनीतिमा कमजोर बन्दै गएको छ । कुनै पनि मुलुकबाट अहिलेको सरकारको नेतृत्वलाई भ्रमणको निम्तो आउँछ न त कुनै मुलुकको नेतृत्व यहाँ भ्रमणमा आउँछन् । हुँदाहुँदा भुटानका राजा जिग्मे खेसर नाम्गेल वाङचुक काठमाडौं आउँदासमेत राष्ट्रपति र प्रधानमन्त्रीसँग भेटेनन् । छिमेकी देशहरूसँग कुटनीतिक सम्बन्ध राम्रो बनाउन नसक्दा नेपालले क्षति बेहोरिने क्रम जारी छ । दुई ठुला मुलुक चीन र भारतले लिपुलेक क्षेत्रमा नेपालको सहमति बिना मानसरोवर आउजाउ गर्ने सडक खुलाएको छ ।**

**मुख्यतय हाम्रो देश नेपालले असंलग्नता नीति अंगीकार गर्दै आएपनि भौगोलिक हिसाबमा छिमेकी देशसँग मिलेर जानुको विकल्प छैन । छिमेकी देशहरूसँग कुटनीतिक रणनीति बनाएर चल्न नसक्दा हरेक सरकार बन्नसाथ ढल्ने डर बोक्दै नेतृत्व चारतिर दौडधुपमा लागिरहेको हुन्छ । यसपटक प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले भारतसँग यस्तै अभ्यास गरिरहेको देखिन्छ । भारतलाई रिझाउन अनेक गर्दा पनि काम नबनेपछि ओली उत्तरी छिमेक चीन पुगे । बिना कुनै योजना चीन पुगेका ओलीको भ्रमण त्यसै विवादित बन्यो । यो प्रकरणले प्रमुख सत्ताघटक नेपाली कांग्रेससमेत चिढिएको छ । जसले गर्दा ओलीलाई सत्ता सञ्चालनमा थप दबाब सिर्जना भएको देखिन्छ ।**

**ओली व्यक्तिगत रूपमा अहिले अलोकप्रिय बन्दै गएका छन् । घृणा र द्वेषजन्य अभिव्यक्तिका कारण चर्चामा आइरहने ओलीलाई विदेशले मात्र हैन देशले पनि रुचाइरहेको देखिन्न । अहिले सामाजिक सञ्जाल हेर्ने हो भने ओलीमाथिको घृणास्पद अभिव्यक्ति चौतर्फी देखिन्छ । यद्यपि ओलीलाई यसरी घेराबन्दी गर्नु पनि राम्रो हैन ।**

**नागरिक समाजले सकारात्मक दबाब सिर्जना गरेर सरकार प्रमुखलाई सम्बन्ध सुधार्न प्रेरित गर्न सक्नुपर्छ । यसका लागि सम्वाद कार्यक्रम अघि सार्ने, प्रधानमन्त्रीको ध्यानाकर्षण गर्ने, कुटनीतिमा दखल राख्नेहरूले खबरदारी गर्ने अभ्यास गर्नुपर्छ । राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री ओली दुबै कुटनीतिक मामलामा कमजोर देखिन्छन् । छिमेकबाट काम लिन कहिलेकही धम्क्याउने त कहिले रिझाउन पनि सक्नुपर्छ । जुन अहिलेको ओली नेतृत्वको सरकारले गर्न सकिरहेको छैन । यस्तो हुँदा जनता सशंकित हुने र आफ्नै नेतृत्वलाई नरुचाउने तहमा उत्रन सक्छन् । यसैले पनि बेलैमा नेतृत्वले यसबारे सचेत भएर सोच्नु राम्रो ।**

## रोजगार सरोकार

### वैदेशिक रोजगारीमा जाँदा सामाजिक सुरक्षा कोषमा किन आबद्ध हुने ?

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ । यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।


### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# कति सिकियो त भूकम्पले सिकाएको पाठ ?



■ श्रीरामसिंह बस्नेत

> अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरूले सिकाएको एउटै पाठ के हो भने भूकम्प आफैंले मान्छे मार्दैन, तर भूकम्पले भत्काएका कमजोर संरचनाहरूले मान्छे मार्छ भन्ने नै हो । तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो । तर हामीकहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरूले संरचना जति बलियो बनाइनुपर्ने हो त्यसो हुन सकिरहेको छैन । भवन निर्माण संहिताको अक्षरशः कार्यान्वयन अझैसम्म पूर्ण सन्तोषजनक हुन नसक्नु कम चिन्ताको विषय होइन ।

नेपालमा भूकम्प सुरक्षा दिवस मनाउन थालिएको पनि २६ वर्ष पूरा भइसकेको छ । २०५५ माघ २ गतेका दिन पहिलोपटक भूकम्प सुरक्षा दिवस मनाउँदाको क्षण सम्झना हुन्छ । विगतको कुनै ठूलो भूकम्पलाई आधार मानेर वर्तमानमा जनचेतना र राज्यको सक्रियता बढाई भविष्यलाई सुरक्षित बनाउने यो अवधारणा नेपालका लागि मात्र हैन विश्वमै एउटा नयाँ प्रयोग थियो । त्यसैले यसबारे सरकार र सम्बन्धित पक्षलाई कुरो बुझाउन निकै कठिन भएको थियो । यसका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) र तत्कालीन गृह मन्त्रालयले निकै परिश्रम गरेका थिए । यो दिवस २०५५ साल देखि मनाउन थाले पनि यसका लागि प्रयास भने करिब तीन वर्षअघिदेखि नै चलेको थियो । यदि सुरुमै प्रयास सफल भएको भए यस वर्ष २७औं हैन ३०औं भूकम्प सुरक्षा दिवस मनाएका हुन्थ्यौं । यो अनौठो खालको दिवस उद्घाटन गरेर श्रीगणेशः गर्न पाएकामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला निकै उत्साहित थिए ।

यो २६ वर्षको अवधिमा नेपालमा धेरै कम्प र परकम्पहरू आइसकेका छन् । त्यसैले अब भूकम्प कसैका लागि पनि 'दैवको लिला' रहेन । केही वर्ष अघिसम्म पनि नेपालमा प्रकोपलाई दैवको दोष मान्ने चलन थियो । त्यसैले प्रकोपसम्बन्धी ऐनको नाम नै दैवी प्रकोप ऐन राखिएको थियो । तर अब पुराना सोच र शैलीमा केही परिवर्तन आई सकेको छ । भूकम्प सुरक्षा दिवस मनाउनुको सबैभन्दा ठूलो औचित्य र उपलब्धि भूकम्पीय सुरक्षाप्रति व्यापक जनचेतना जागृत गराउनु र सम्बन्धित निकायहरूलाई झक्झकाउनु हो ।

यो दिवसको पृष्ठभूमि १९९० माघ २ गतेको महाभूकम्पलाई मान्नुको कारण अहिलेसम्म नेपालमा आएका भूकम्पमध्ये सबैभन्दा बढी शक्तिशालीको भूकम्प भएको र यसको राजनीतिक, सामाजिक र आर्थिक प्रभाव व्यापक हुनु हो । कतिपयलाई ९० सालको भूकम्पको राजनीतिक प्रभाव के होला र ? भन्ने लाग्न सक्दछ । तर यथार्थ फरक छ । यो महाभूकम्प आउँदा नेपाल ८७ वर्षअघिदेखि जहानीया एकतन्त्रीय राणाशासनमा जकडिएको थियो, जसमा न त नागरिक अधिकार थियो न त नागरिकहरूलाई नै आफ्नो क्षमताबारे कुनै अन्दाज थियो । त्यतिखेर सबैजसो आफ्नै भाग्यलाई दोष दिँदै पशुतुल्य जीवन बिताइरहेको थिए । त्यस्तो अवस्थामा महाभूकम्पले यस्तो हलचल ल्याइदियो कि त्यसले जमिनमात्र हल्लाएन, जनताको सोच्ने र गर्ने शक्तिलाई समेत हल्लाएर ब्युँताइदियो ।

आपत्को अवस्थामा संगठित भएर निःस्वार्थ भावले काम गरेमा जस्तोसुकै ठूलो काम पनि गर्न सकिँदो रहेछ भन्ने तत्त्वज्ञान महाभूकम्पले ल्याएको विनाशपछि उद्धार र राहत कार्यमा अहोरात्र खटिएका नेपालीहरूले पहिलोपटक बुझे । साथै, भूकम्पपछि विचलित भएका जनमानसलाई सान्त्वना दिन प्रेरणादायी प्रवचनहरू पनि थालियो । मानिसहरू आपसमा सरसल्लाह, छलफल गर्ने गर्न थाले । नत्र त राणाका जासुसहरूले दुःख दिन्छन् भनेर भित्ताको पनि कान हुन्छ, बोल्न हुँदैन भनेर कुरा गर्नै डराउँथे । महाभूकम्पपछि उत्पन्न जटिल परिस्थितिले त्यो डर भगाइदियो । उद्धार र राहत कार्यमा खटिएका विशेषगरी युवकहरूले आफ्नो शक्तिलाई बुझे, जसले गर्दा उनीहरूलाई विस्तारै संगठित हुन सजिलो बनायो । त्यो संगठित भावनाले गोप्यरूपमा राजनीतिक र खुलारूपमा सामाजिक संगठनहरू स्थापना गर्न हौसला दियो ।

स्मरण रहोस् राणाकालमा जति पनि राजनीतिक र सामाजिक संघसंस्था, संगठन स्थापना भए ती सबैजसो महाभूकम्पपछि मात्र स्थापना भएको इतिहास छ । नेपालका चार महान् वास्तविक सहिद दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ महाभूकम्पकै उपज हुन् । महाभूकम्पको सामाजिक र आर्थिक प्रभावबारे त सर्वविदितै छ । भूकम्प सुरक्षा दिवस मनाउने प्रचलन सुरु नहुँदासम्म पुराना पुस्ताका नेपालीका लागि ९० साल माघ २ गते एउटा बिर्सनै नसकिने घटनामा सीमित थियो भने नयाँ पुस्ताका लागि त्यो भूकम्प कुनै दन्त्यकथाजस्तो मात्र थियो । किनकि त्यसबाट कुनै पाठ सिकेर समुदायलाई भूकम्पीय सुरक्षातर्फ क्रियाशील बनाउने काम न त कुनै राज्यस्तरबाट भएको थियो न जनस्तरबाट । सबै भगवान् भरोसामा थिए । २०५५ साल माघ २ गतेदेखि सार्वजनिक रूपमै भूकम्प सुरक्षा दिवस मनाउन थालिएपछि सबैको ध्यान भूकम्पप्रति आकृष्ट भयो र भूकम्प घरघरको र टोलटोलको चर्चाको विषय बन्यो ।

हरेक वर्ष मनाइने भूकम्प सुरक्षा दिवसले एउटा नारा बोकेको हुन्छ । यसपटकको नारा 'भूकम्पले सिकाएको पाठः बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ' भन्ने छ । अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरूले सिकाएको एउटै पाठ के हो भने भूकम्प आफैंले मान्छे मार्दैन, तर भूकम्पले भत्काएका कमजोर संरचनाहरूले मान्छे मार्छ भन्ने नै हो । तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो । तर हामीकहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरूले संरचना जति बलियो बनाइनुपर्ने हो त्यसो हुन सकिरहेको छैन । भवन निर्माण संहिताको अक्षरशः कार्यान्वयन अझैसम्म पूर्ण सन्तोषजनक हुन नसक्नु कम चिन्ताको विषय होइन । यसमा कतिपय नीतिगत कमीकमजोरी पनि छन् भने कतिपय नियतगत । ठेक्का प्रथाबाट निर्माण गरिने संरचनाहरू सार्वजनिक खरिद ऐनअनुरूप हुनुपर्ने र उक्त ऐनले कामको गुणस्तरलाई नभई न्यूनतम् मूल्यलाई मात्र प्राथमिकता दिने भएकाले पनि कतिपय ठूला, साना संरचनाहरू जति बलियोसँग निर्माण हुनुपर्ने हो त्यो नभएको पाइने गरेको छ ।

बलियो संरचनाको सन्दर्भमा अर्को महत्त्वपूर्ण पाटो हो प्रबलीकरण अर्थात् रेट्रोफिट । नयाँ संरचना निर्माणको प्रारम्भदेखि नै तोकिएको मापदण्डअनुसार निर्माण गरेर संरचनालाई बलियो बनाउनुपर्छ भने पहिले नै बनिसकेका संरचनाहरूलाई प्रबलीकरण प्रविधिको माध्यमबाट बलियो बनाउन सकिन्छ । प्रबलीकरण कति भरपर्दो प्रविधि हो भन्ने तथ्यलाई २०७२ वैशाखको गोरखा भूकम्पले स्पष्टसँग प्रमाणित गरिसकेको छ । त्यो भूकम्प आउनुभन्दा केही वर्ष अगावै प्रबलीकरण गरिएका विशेषगरी केही सरकारी विद्यालय भवनहरूलाई गोरखा भूकम्पले क्षति नगरेको तर प्रबलीकरण नगरिएका विद्यालय भवनहरू भने धेरै भग्नावशेषमा परिणत भएका उदाहरण हामीसँग छन् । तसर्थ नयाँ निर्माण गरिने संरचनामात्र हैन पुराना संरचनाहरूलाई बेलैमा प्रबलीकरण गरी सुरक्षित पार्नु पनि त्यति नै जरुरी छ । यो सत्यलाई मनन् गर्दै नेपालमा पनि प्रबलीकरणका केही कामहरू उत्साहजनकरूपमा भएका छन्, कतै हुँदै छन् । जस्तैः सर्वोच्च अदालत भवन, त्रिचन्द्र कलेजको पहिलो भवन आदि । नेपालका विभिन्न स्थानमा रहेका सरकारी, संस्थागत, निजी संरचनाहरू कतिपय ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरू छन्, जो जोखिमको अवस्थामा छन् । तिनलाई क्रमैसँग प्रबलीकरण गर्नु गराउनु राज्यको दायित्व हो । सबै संरचनाको प्रबलीकरण एकै आर्थिक वर्षभित्र गर्न सम्भव नहोला । तर चरणबद्धरूपमा त्यस्ता महत्त्वपूर्ण पुराना संरचनाहरूलाई प्रबलीकरण गर्ने नीति, कार्ययोजना र कार्यक्रम राज्यसँग हुनु अपरिहार्य छ ।

प्रबलीकरणका लागि अहिले १० लाख रूपैयाँ खर्च गर्न गाह्रो मान्दा वा अलमल गर्दा भोलि कुनै पनि बेला १० करोडको क्षति हुनसक्ने सम्भावना अत्यधिक हुन्छ । स्पष्ट भूमिका र औचित्य नदेखिएको भनी आलोचना खेपिरहेको प्रत्येक प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका पुराना महत्त्वपूर्ण संरचनाहरूको प्राविधिक अध्ययन गराई तिनलाई क्रमैसँग प्रबलीकरण गराएका प्रदेशका लागिमात्र हैन, देशकै लागि ठूलो योगदान हुने छ । प्रबलीकरण प्रारम्भ गरिहाल्न नसके पनि अहिले त्यस्ता संरचनाहरूको प्राविधिक अध्ययन गराएर आगामी आर्थिक वर्षको योजनामा पारी प्रबलीकरण कार्यान्वयन गर्न सकिएमा ठूलो उपलब्धि हुने छ । यो काम गर्न प्रदेश सरकारलाई कुनै ऐन, कानुन र अधिकारको अभावले छेक्दैन, इच्छाशक्तिकै अभाव छ भने बेग्लै कुरा हो ।

प्रश्न भूकम्पको मात्र हैन । बाढी, पहिरो, आगलागी, लू, शीतलहर, चटयाङ, हिमपहिरो आदि अनेकौं विपद् हामीले ऋतुअनुसार नियमितरूपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिँदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ । तर कसरी ? मूल प्रश्न र चुनौती यही नै छ । यसको समाधानको एकमात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ । दर्जनौं रोगको एउटै अचुक औषधी भनेजस्तै सबैखाले विपद्बाट जोगिने एउटै उपाय सुदृढ पूर्वतयारी नै हो । तर विडम्बना हामी त्यसैमा कमजोर छौं । हरेक पटकको विपद्ले पूर्वतयारीमै कमजोर रहेको भनेर हामीलाई धिक्कारीरहेझैं प्रतीत हुन्छ । विपद्को पीडा कस्तो हुन्छ भन्ने अनुभूति विपद् भोगेको वास्तविक पीडितलाई मात्र थाहा हुन्छ, निरीक्षण गर्न गएकाहरूलाई हुँदैन । तसर्थ, सुदृढ पूर्वतयारी विश्वसनीय नभएसम्म विपद्को पीडाबाट जोगिन सकिएला भनेर ढुक्क हुन सकिँदैन ।

सुदृढ पूर्वतयारीका लागि सबैभन्दा प्रभावकारी र अपरिहार्य माध्यम भनेको स्थानीय तह नै हुन् । तर निकाय भएर मात्र हुँदैन, ती निकाय जनशक्ति र साधन स्रोत सम्पन्न हुनु पनि अपरिहार्य छ । कुनै पनि विपद्मा पहिलो मद्दतदाता (फस्ट रेस्पोन्डर) छिमेकी वा स्थानीय व्यक्ति नै हुन्छन् । त्यसैले स्थानीय तहले हर घर परिवारलाई विपद्सँग पहिलो सामना गर्न सक्ने क्षमतावान् बनाउनुपर्दछ । यसमा मुख्य तीन पक्ष पर्दछन्- पहिलो ठाउँको प्रकृतिअनुसार आउनसक्ने हरेक किसिमका विपद्सँग पहिलो सामना गर्नसक्ने ज्ञान भएको जनशक्ति, जस्तै छिमेकको घरमा आगलागी भयो भने नजिकका छिमेकीहरूले के गर्ने, के नगर्ने ?, दोस्रो पक्ष आधारभूत प्राविधिक सीप भएका स्वयंसेवकहरू, जस्तै नदी वा पोखरीमा डुबेको मानिसलाई बचाउन सक्ने, कृत्रिम श्वासप्रश्वास दिनसक्ने आदि दक्षता भएका ।

तेस्रो आधारभूत साधन स्रोत, जस्तै आपत्कालीन औषधी, घाइते बोक्ने स्ट्रेचर, ह्विलचियर, साबेल, पिक, डोरी, सवारीसाधन आदि । प्रत्येक स्थानीय निकायले वडास्तरमा र वडामार्फत टोल-टोल र गाउँघर, परिवारसम्म पुऱ्याउनुपर्दछ । यति तीन पक्ष पूरा गर्न कुनै ठूलो आकारको बजेट एकैपटक आवश्यक पर्दैन । चरणबद्धरूपमा क्रमशः पूरा गर्दै लान सकिन्छ, निरन्तर कार्यक्रमका रूपमा । यसका लागि दुई कुरामात्र आवश्यक छन्- स्थानीय तहका प्रत्येक जनप्रतिनिधिहरूमा इमान्दारी र इच्छा शक्ति । यी दुई कुराको अभाव छैन भने स्थानीय स्तरलाई सुदृढ पूर्वतयारीको विश्वसनीय आधारका रूपमा विकसित गर्न सकिन्छ, जो नेपालजस्तो बहुविपद्को जोखिम भएको मुलुकका लागि अपरिहार्य हुन्छ ।

अरु मुलुकहरूमा जस्तै नेपालमा पनि मितिअनुसार पूर्वनिर्धारित विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय दिवसहरू मनाइन्छ । औपचारिक कार्यक्रममा तामझाम गरेर दिवस मनाउनु एउटा कुरा हो तर दिवसको उद्देश्यअनुसार कुनै ठोस काम गरेर त्यो एक दिनका लागि मात्र हैन दिगो प्रभाव पार्न सकियो भनेमात्र कुनै पनि दिवस मनाउनुको सार्थकता रहन्छ र यो अलि बेग्लै कुरा हो । आमसञ्चार माध्यमहरूलाई मात्र केही बेर काम लाग्ने, आमजनमानसलाई कुनै लाभ नहुनेगरी दिवस मनाउने हो भने हामी जति यात्रा गरे पनि जहाँको त्यहीँ रहेको स्थुल प्राणीजस्तो हुनेछौं । तसर्थ, हरेक दिवस मनाउँदा अघिल्लो वर्षको दिवस मनाउँदाभन्दा यति कदम अगाडि बढ्न सफल भइयो भन्ने आत्मसन्तोषको स्पष्ट अनुभूति पाउन सक्नुपर्दछ । अर्को माघ २ गते २८औं भूकम्प सुरक्षा दिवस मनाउँदा त्यस्तो अनुभूति अनुभव हुनेगरी हामी सबैले काम गरौं । *रासस*

पृष्ठ १ बाट क्रमशः

# आर्थिक मन्दीको असर जतातत‍ै

चार वर्षअघि देशभरका मालपोत र यातायात कार्यालयमा थेगिनसक्नु भीड हुन्थ्यो । खुट्टा टेक्नसमेत ठाउँ पाइँदैनथ्यो । जग्गा किन्ने र बेच्नेको मालपोत कार्यालयमा ठेलमठेल हुन्थ्यो भने गाडी किन्ने र बेच्नेको यातायात कार्यालयमा निकै चाप हुन्थ्यो ।

त्यतिबेला मालपोत र यातायात कार्यालय वरपरका होटल, रेस्टुरेन्ट, किराना पसल, चिया पसल, फोटो स्टुडियोलगायतको राम्रो व्यापार चलेको छ । मालपोत र यातायातका कर्मचारीझैं उनीहरूलाई पनि भ्याइनभ्याइ हुन्थ्यो । यता, यस्ता ठाउँमा कोठा, सटर र फ्ल्याट खाली पाइँदैनथ्यो ।

यहाँका घरधनीहरूले एउटै कोठाको आठ हजारदेखि २५ हजारसम्म अशुल्थे । एक फ्ल्याटको ३५ हजारदेखि तीन लाख र एउटा सटरको २५ हजारदेखि १९ लाखसम्म लिन्थे । खाली सटर त झन् २५ लाखदेखि ८० लाखसम्ममा बेचबिखन गर्थे । मालपोत र यातायात कार्यालय वरपरको घरजग्गा जति पनि मूल्यमा बिक्री हुन्थ्यो ।

आनाकै ५० लाखदेखि दुई करोडसम्म हालेर जग्गा किनिन्थ्यो । यी ठाउँको घरजग्गा किन्न जोकोही पनि तयार हुन्थे, त्यो पनि मुखबोली रेटमा । तर, केही वर्षयता मालपोत र यातायात कार्यालय सुनसान छ । जग्गा बेच्ने र किन्ने कोही छैन । यातायात कार्यालयमा पनि कोही जाँदैनन् । बजारमा घरजग्गा र गाडीको किनबेचमा मन्दी आउनेबित्तिकै मालपोत र यातायात कार्यालय वरपरका घरहरू धमाधम खाली हुन थालेका छन् । भाडा तिर्न नसकेपछि डेराबहालसहित व्यापारी तथा व्यवसायीहरू भटाभट सरिरहेका छन् । अहिले बजारमा घरजग्गा, गाडी किन्ने एक जना पनि भेटिँदैन ।

४० वर्षकै बीचमा नेपालको खेतीयोग्य जमिनदेखि डाँडाकाँडासम्म प्लाटिङ गरेर सिध्याए । अहिले हामी हरेक खाद्यान्न विदेशबाटै आयात गरिएको खान्छौं । नेपालमा उब्जनी गर्ने जमिन नै छैन । केही भएको जमिन पनि गाउँमा बाँझो छ । यसले विदेशीले खाद्यान्न नपठाउनेबित्तिकै यहाँ भोकमारी निम्तिने छ । यता, व्यक्ति, संघसंस्था, राज्यले आम्दानीको स्रोत मानेको घरजग्गा पाँच दशकअघिकै अवस्थामा फर्किएको छ । घरजग्गा किनबेच घट्दै गएको छ । जसका कारण यी क्षेत्रमा लगानी गर्नेहरू पनि पलायन हुने अवस्थामा पुगेका छन् ।

– कल्पना ढकाल, कलंकी

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । –संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# 'मुन्दुम ट्रेल'को प्रवर्द्धन गर्न महोत्सव

**खोटाङ-** किरात यले दोङ (किरात संवत्) ५०८५ को अवसर पारेर 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' औपचारिकरूपमा सुरुआत गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र पूर्वमन्त्री सुदन किरातीले खोटाङ र भोजपुरको सीमानामा पर्ने चखेवाभञ्ज्याङमा भ्रमण वर्षको औपचारिक शुभारम्भ गरेका हुन् ।



मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५ को अवसरमा 'मुन्दुम ट्रेल' पदमार्ग आसपास पर्ने विभिन्न स्थानीय तहहरूले आ-आफ्नो अनुकूल महोत्सव आयोजना गरेका छन् । मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५ लाई भव्यरूपमा सफल बनाउन आसपासका स्थानीय तहहरूमा यामअनुसार पर्यटनसँग सम्बन्धित विभिन्न महोत्सव तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्ने तयारी गरिएको आयोजक आयोजक मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईले जानकारी दिए ।

भ्रमण वर्षको पहिलो दिन (मंगलबार) भोजपुरको टेम्केमैयुङ गाउँपालिकाले चखेवाभञ्ज्याङमा पाँच दिने महोत्सव आयोजना गरेको छ । यही माघ ५ गतेसम्म सञ्चालन हुने महोत्सवमा पर्यटकलाई लक्षित गरेर स्थानीय परिकार, विभिन्न जातजातिको सांस्कृतिक झाँकी तथा कृषि मेला प्रदर्शनी आयोजना गरिएको हो ।

खोटाङको दिक्तेल रूपाकोट मझुवा गढी नगरपालिकाले रेडपाण्डा तथा थार महोत्सव, केपिलासगढी गाउँपालिकामा हनी हन्टिङ तथा गोठस्टे महोत्सव, साकेला गाउँपालिकामा उधौली-उभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव गर्ने स्थानीय तहहरूले जनाएका छन् । यस्तै, भोजपुरको भोजपुर नगरपालिकामा अल्ट्रा म्याराथन तथा माउन्टेन साइक्लिङ, साल्पा सिलिछो गाउँपालिकामा नाछोड धामी साहित्यिक महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा चाकचाकुर महोत्सवलगायतका कार्यक्रम आयोजना गर्ने तयारी गरेको जनाइएको छ ।

सरकारले घोषणा गरेको १०० वटा पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल'को प्रचारप्रसार तथा प्रवर्द्धनका लागि भ्रमण वर्ष २०२५ आयोजना गरिएको अध्यक्ष राईले जानकारी दिए । 'मुन्दुम ट्रेल भ्रमण वर्ष २०२५ भव्य रूपमा सफल पार्ने योजनाका साथ अगाडि बढेका छौं । यो अवधिमा करिब एक लाख पर्यटक भित्र्याउन लक्ष्य लिइएको छ,' उनले भने, 'मुन्दुम ट्रेल भर्जिन गन्तव्य हो । पूर्वी पहाडी जिल्ला खोटाङ, भोजपुर, सोलुखुम्बु तथा संखुवासभाको सीमामा पर्ने यो मुन्दुम ट्रेल किरात समुदायको ऐतिहासिकतासँग सम्बन्धित छ ।'

खोटाङको साकेला गाउँपालिका-३ खिदिमास्थित पर्यटकीयस्थल तावाभञ्ज्याङबाट सुरु भएको 'मुन्दुम ट्रेल' प्रकृतिप्रेमी अर्थात् सौन्दर्यमा रमाउन चाहने तथा किराती संस्कार, संस्कृति अध्ययन एवं अनुसन्धान गर्न आउने पर्यटकका लागि रोजाइमा पर्ने गरेको छ । २०७५ पुस २१ गते औपचारिकरूपमा घोषणा गरिएको 'मुन्दुम ट्रेल' पदमार्गको दाँयाबाँया चौडा गर्ने, सुक्खा ढुंगाको सिँढी लगाउने र ढुंगाकै सोलिङ गर्नेलगायतका आधारभूत भौतिक पूर्वाधार निर्माणको काम सम्पन्न गरिएको छ । खोटाङ र भोजपुरको सीमामा पर्ने यो 'मुन्दुम ट्रेल' पदमार्ग तीन हजार १६५ मिटरको टेम्केडाँडा हुँदै मैयुङ, तीन हजार ७५० मिटरको साल्पापोखरी तथा चार हजार १६५ मिटरको सिलिचुङसम्म पुगेर टुंगिन्छ । पहाडै पहाडको चुचुरामा निर्माण गरिएको 'मुन्दुम ट्रेल' पदमार्ग पूरा गर्न विदेशी पर्यटकका लागि करिब १३ दिन तथा नेपालीका लागि १० दिन लाग्ने जनाइएको छ ।

हिमाल नजिकै पुगेर त्यसको सौन्दर्यमा रमाउन चाहने आन्तरिक तथा बाह्य पर्यटकका लागि डाँडैडाँडा यात्रा गर्दा थकानको महसुससमेत नहुने पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष राईले जानकारी दिएका छन् । पदमार्गमा अधिकांश किरात समुदायका बस्ती रहेको तथा उनीहरूको मौखिक ग्रन्थ 'मुन्मुम'मा उल्लेखित किराती जीवनशैली, संस्कार र संस्कृतिबारे वर्णन गरिने भएकाले पदमार्गको नाम 'मुन्दुम ट्रेल' राखिएको हो ।

ठूलठूला घाँसे मैदान, फराकिला चौरीखर्क तथा भेडीगोठका साथै घोडचढी अर्थात् घोडा चढ्न पाउनुले आन्तरिक तथा बाह्य पर्यटकलाई थप आकर्षित गर्दै आएको छ । दर्जनौं प्रजातिका गुराँस, चाँप, कटुस, लोक्ता, विविध जडीबुटी तथा घना जंगल अवलोकनमा रम्न पाइने यस क्षेत्रको अर्को आकर्षण हो । मैयुङको हाँसपोखरी क्षेत्रमा पाइने विभिन्न प्रजातिका चराचुरुंगी, रेडपाण्डा, भीरमौरी र विभिन्न जंगली जनावरसँग पनि त्यतिकै लुकामारी खेल्न पाइन्छ । मानवबस्ती कम पाइने 'मुन्दुम ट्रेल'मा पर्यटकको चहलपहल बढेसँगै उनीहरूका लागि स्थानीय गोठवालाले खाने तथा बस्ने व्यवस्था मिलाउने गरेका छन् । *रासस*

# लहानका सबै वडा कार्यालयको आफ्नै भवन

**सिरहा (प्रस)-** सिरहाको लहान नगरपालिकाका सबै वडा कार्यालयले अब आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालेका छन् । बुधबारदेखि वडा नं ११ ले आफ्नै भवनबाट सेवा प्रारम्भ गरेसँगै नगरमा रहेका सबै २४ वटै वडाले आफ्नै भवनबाट सेवा प्रवाह गर्न थालेका हुन् ।

यस वडाले स्थापनाको आठ वर्षसम्म भाडाको घरमा रहेर जनतालाई सेवा दिँदै आएको थियो । बुधबार भवनको उद्घाटन गर्दै नगरप्रमुख महेशप्रसाद चौधरीले यस कार्यले जनतालाई दिने सेवामा थप सहज भएको बताए । उनले सबै वडा कार्यालयले आफ्नै भवनबाट सेवा प्रदान गर्ने अवस्था बनेको बताए । 'भाडामा सञ्चालन भएका वडा कार्यालयहरू अब छैनन् । आज वडा नं ११ को कार्यालयको आफ्नै भवन बनेसँगै नगरका सबै वडाको आफ्नै भवन भएको छ । यसले सेवा प्रवाहमा थप सहजता आउने विश्वास लिएको छु' बुधबारको कार्यक्रममा नगरप्रमुख चौधरीले भने ।

यसअघि १३ वटा वडा कार्यालय नवनिर्मित भवनहरूको आफूले उद्घाटन गरिसकेको उनले जानकारी दिए । लहान नगरपालिकामा २४ वडा रहेका छन् । आफ्नै भवन निर्माण गरी जनतालाई सेवा प्रवाह गर्न प्राथमिकता दिएका कारण क्रमश: नगरका सबै वडा आफ्नै भवनबाट सुविधा दिने अवस्थामा पुगेको नगरप्रमुख चौधरीको भनाइ थियो । उनले नगरभित्र रहेका जनतालाई सहज सुविधा प्रदान गर्न नगरपालिका लागिपर्ने प्रतिबद्धता जनाए ।

आठ वर्षपछि आफ्नै भवनको वडा कार्यालयबाट सेवा प्रवाह गर्न पाउँदा खुसी लागेको वडाध्यक्ष सूर्यनारायण चौधरीले बताए । नगरपालिकाको करिब ५० लाख रूपैयाँको लागतमा भवन निर्माण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाले जानकारी दिए ।

# सशस्त्र प्रहरीद्वारा निर्मित संरचनाको उद्घाटन

**बाँके (प्रस)-** जिल्लाको नरैनापुर गाउँपालिका-१ नेपाल बडर आउट पोस्ट कटकुइयाको पूर्वीसीमा क्षेत्र सुइया नाकामा सशस्त्र प्रहरीद्वारा निर्मित भौतिक संरचनाको बिहीबार उद्घाटन गरिएको छ । 'सीमाबासीसँग सशस्त्र प्रहरी' कार्यक्रमको अवधारणाअनुरूप सशस्त्र प्रहरी बल नं ३० गण हेडक्वाटर बागेश्वरी गण र गाउँपालिकाको संयुक्त सहकार्यमा नेपाल-भारत आवतजावत गर्ने सर्वसाधरणका लागि पिउने पानीको धारा, सार्वजनिक शौचालय र चौतारोसहित भवनको उद्घाटन गरिएको हो ।

बागेश्वरी गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक विमल डाँगीकाअनुसार छिमेकी मुलुक भारतसँग सीमा जोडिएको नरैनापुर-१ सुइयामा सार्वजनिक शौचालय, शुद्ध खानेपानीका लागि टयांकीलगायत संरचना दुई लाख रूपैयाँमा निर्माण गरिएको हो । साथै डुडुवा गाउँपालिका-१ खडैंचामा प्रतीक्षालय र खानेपानी टयांकी निर्माण गरिएको उनले बताए । सशस्त्र प्रहरीले सीमा क्षेत्रलाई लक्षित गरेर 'सीमा क्षेत्र विकास योजना' सञ्चालन गरिरहेका जनाउँदै डाँगीले सोही योजनाअन्तर्गत नेपाल-भारत सिमानाका स्थानीयको आवश्यकताअनुसार सशस्त्र प्रहरीले धारा, प्रतिक्षालय र शौचालय निर्माण गर्दै आएको बताए ।

'सीमा नाकामा बस्ने दुई देशका नागरिकलाई आवतजावत गर्दा शौच गर्ने वातावरण सहज होस् भन्ने उद्देश्यले हामीले सीमानाका भौतिक संरचना निर्माण गरेका हौं,' उनले भने, 'खानेपानी र शौचालयको व्यवस्थाले वातावरण सफा हुनुका साथै स्थानीयको स्वास्थ्यमा पनि सुधार हुँदै जाने छ ।'

नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले शान्ति सुरक्षा कायम गर्न सशस्त्र प्रहरीले पुऱ्याएको योगदान सराहनीय रहेको बताए । 'सीमाका बासिन्दाको खानेपानी, वातावरणीय सरसफाइलगायत पक्षलाई समेटेर सशस्त्र प्रहरीले उदाहरणीय कामको सुरुआत गरेकामा धन्यवाद,' उनले भने, 'शान्ति सुरक्षासँगै वातावरण सरसफाइसँग जोडिएको शौचालयको विषयमा पनि सशस्त्र प्रहरी गम्भीर छन् । यस्ता भौतिक संरचनाले विशेषगरी महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई प्रत्यक्ष सहयोग पुग्ने छ ।' नरैनापुर गाउँपालिकाका अध्यक्ष शैयद इस्तियाक अहमद शाहले सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीयसँगको सम्बन्ध अझ प्रगाढ र सुमधुर बनाएर काम गर्न सशस्त्र प्रहरीको यो कदम प्रशंसायोग्य रहेको बताए ।

**Government of Sudurpaschim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office, Kanchanpur**

## Notice of Intention to Award Contract

**Date of publication: 2081-10-04 (17th January, 2025)**

Infrastructure Development Office, Kanchanpur hereby notifies and intends to award the following listed contracts and publish this notice to all concerned bidders regarding our **Bid Notice No 01-IDOKAN/081/82,** (published on Prakshepan Daily dated 2081/09/01 in accordance with ITB Clause 33 and Public Procurement Act 2063 Clause 27.2, 27.3 & 47.

| Contract No. | Name and Address of Bidder | Total Bid Amount including VAT & PS |
|---|---|---|
| IDOKAN/W/NCB/081/82-01 | M/s Shree Ghatal Nirman Nirman Sewa, Kanchanpur | 1,594,681.13 |
| IDOKAN/W/NCB/081/82-02 | M/s Shree Ghatal Nirman Nirman Sewa, Kanchanpur | 1,661,226.31 |
| IDOKAN/W/NCB/081/82-03 | M/s Kanchanpur Nirman Sewa, Kanchanpur | 1,794,460.61 |
| IDOKAN/W/NCB/081/82-04 | M/s Shree Ghatal Nirman Nirman Sewa, Kanchanpur | 1,554,719.18 |
| IDOKAN/W/NCB/081/82-05 | M/s Budhi Ghatal Nirman Sewa, Kanchanpur | 1,821,734.35 |

Office Chief

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## बकुलहर रत्ननगर अस्पताल

**रत्ननगर-२, चितवन, बागमती प्रदेश, नेपाल**

### हेमोडाइलाईसिस सामग्री खरिदको लागि बोलपत्र सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित सूचना २०८१/१०/०४)**

यस अस्पताललाई आ.व. २०८१/०८२ का लागि हेमोडाइलाईसिस सेवा संचालनमा आवश्यक सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नूपर्ने भएको हुदाँ मु.अ.क.मा दर्ता भएका ईच्छुक योग्यता पुगेका निर्माता, फर्म, सप्लायर्स तथा व्यवसायीहरूले रित पूर्वकको बोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www .bolpatra.gov.np/egp मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | विवरण | जमानत रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRH/NCB/GOODS/19/2081/082 | डाइलाइसिस (म्बथिकष्क) सेवा संचालन गर्न आवश्यक कन्जुम्यवल आइटम (सामाग्रीहरु) | २७०००० | ३००० | ३०औं दिनको वैकिङ समय भित्र | ३१ औ दिनको १२:०० वजे | ३१ औ दिनको १:०० वजे | |

बकुलहर रत्ननगर अस्पताल


## कतार र बहराइनमा रोजगार

कम्पनी : SMWR ANTYRYR

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317206 | चलानी नं. ६०२२९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Draft man | 2 | 0 | 3000 | ११४,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९५,०७२ | | | | | | | |

कम्पनी : M/S KOOHEJI CONTRACTOR W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०७/०६ | पून: स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 312548 | चलानी नं. ६०२२९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture Carpenters | 25 | 0 | 120 | ४४,१०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Polish Painter | 15 | 0 | 120 | ४४,१०९ | | | | | | | |
| 3 | Helper | 25 | 0 | 100 | ३६,७५८ | | | | | | | |
| 4 | Scaffolder | 25 | 0 | 130 | ४७,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL WORLD OVERSEAS PVT.LTD
Govt. License No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## साउदीमा रोजगार

कम्पनी : Feol Machines & Equipment Co. | शहर : Saudi Arabia, Dammam

पूर्व स्वीकृति मिति : २०८१/१०/०२ | LT. No. 317151 | चलानी नं.६०२३१३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fork Lift Driver | 2 | 0 | 2000 | ७३,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६६,३८५ | | | | | | | |

कम्पनी : FAB MODERN INDUSTRY COMPANY | शहर : Saudi Arabia, Dammam

पूर्व स्वीकृति मिति : २०८१/१०/०२ | LT. No. 317150 | चलानी नं.६०२३१३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | UPLOAD & DOWNLOAD LABOR | 8 | 0 | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Herald International Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal, Phone No.: +977-01-4575339,4568697, 4594101, E-mail : herald_international@yahoo.com
LIC NO. 513/061/62

## साउदीमा रोजगार

कम्पनी : FASH TECHNICAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 310384 | चलानी नं. ६०२२५०३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Drivers | 1 | 0 | 2000 | ७१,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Scaffolder | 9 | 0 | 1400 | ५०,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : JOOMLA FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/०८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 312575 | चलानी नं. ६०२२७०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Small car driver | 2 | 0 | 140 | ६२,८१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Store Keeper | 3 | 0 | 150 | ६७,३०३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## साउदीमा रोजगार

कम्पनी : SALEH HAMAD AL-QAHTANI EST. FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०४/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०२ | LT. No. 308108 | चलानी नं. ६०२२२७८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ १० गते (23rd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 308108 मिति: २०८१/१०/०३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## कुवेतमा रोजगार

कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY

पूर्व स्वीकृति मिति : २०८०/१२/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 303305 | चलानी नं. ६०२३११०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६२,८१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | BELLMAN | 5 | 1 | 120 | ५३,८४३ | | | | | | | |
| 3 | CLEANER/HOTELS | 20 | 10 | 100 | ४४,८६९ | | | | | | | |
| 4 | COMMI I / CHEF / COOK | 10 | 5 | 140 | ६२,८१७ | | | | | | | |
| 5 | COMMI II / CHEF / COOK | 10 | 5 | 125 | ५६,०८६ | | | | | | | |
| 6 | COMMI III / KITCHEN HELPER | 15 | 0 | 100 | ४४,८६९ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७८,५२१ | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७६,२७७ | | | | | | | |
| 9 | HK ATTENDANT / CLEANER | 10 | 10 | 110 | ४९,३५६ | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६७,३०३ | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५३,८४३ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६२,८१७ | | | | | | | |
| 13 | PASTRY/BAKER | 5 | 0 | 160 | ७१,७९० | | | | | | | |
| 14 | RECEPTIONIST/GSA | 3 | 5 | 135 | ६०,५७३ | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५६,०८६ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २२,४३४६ | | | | | | | |
| 17 | Steward/Dishwasher | 15 | 0 | 100 | ४४,८६९ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६२,८१७ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ७१,७९० | | | | | | | |
| 20 | Waiter/Waitress | 20 | 10 | 120 | ५३,८४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११, १२ र १३ गते (24, 25 & 26th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Supreme Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
रूपशाला
शुक्रबार, ०४ माघ २०८१ (Friday, January 17, 2025)

## गायिका मेलिना आज वैवाहिक बन्धनमा बाँधिदै


गायिका मेलिना राई वैवाहिक बन्धनमा बाँधिन लागेकी छन् । उनले ध्रुब गुरूङसँग लगनगाँठो कस्न लागेकी हुन् । पारिवारिक स्रोतका अनुसार यी दुईबीचको वैवाहिक समारोह शुक्रबार हुँदैछ । वैवाहिक कार्यक्रम गोकर्णेश्वरस्थित हिमाली घर रिसोर्टमा हुने भएको छ । मेलिना राईका 'पिरेम नलाउनी', 'बैंसै बेइमानी', 'नाच फिरिरि' लगायत थुप्रै नेपाली गीतहरू लोकप्रिय रहेका छन् ।



# सामिप्यको पटकथामा बन्दै 'ल्हो-छाम्पा'

■ प्रभाव संवाददाता

**काठमाडौं –** सन् १९९० को दशकमा भुटानबाट विस्थापित हुन बाध्य भुटनिज शरणार्थीको कथामा 'ल्हो-छाम्पा' शीर्षकको चलचित्र बन्ने भएको छ । चलचित्रले भुटानबाट नेपालीभाषी लखेटिँदाको अवस्था, शरणार्थी शिविरका पीडा र तेस्रो देश पुनर्वासमा जानुअघि शिविरमा देखिएका द्वन्द्वलाई प्रस्तुत गर्नेछ । 'ल्हो-छाम्पा' भुटानको दक्षिण भेगमा बस्ने नेपालीलाई चिनाउने शब्द हो ।




चलचित्रलाई नक्षत्र लाइभ म्युजिकका लागि अर्जुन सुवेदीले निर्माण गर्नेछन् । तेस्रो देश पुनर्वासका क्रममा हाल अमेरिकामा रहेका सुवेदीले नक्षत्र फाउन्डेसन र नक्षत्र लाइभ म्युजिक मार्फत् नेपाली गीत संगीत र कलाका विविध विधामा योगदान गरिरहेका छन् ।निर्माता सुवेदीले आफूले भोगेको कालबेलालाई आउँदा पुस्तालाई दस्तावेजीकरण गर्ने उद्देश्य साथ चलचित्र निर्माणमा अग्रसर भएको बताएका छन् ।

'भुटानदेखि नेपालका शरणार्थी शिविरसम्ममा हाम्रो पुस्ताले जे भोग्यो, त्यो कुरा पछिको पुस्ताका लागि पनि दृश्यको माध्यममा संरक्षित रहोस् भन्ने उद्देश्यले यो चलत्रि निर्माण गरेका हौं । तर यो कथालाई हामी रमाइलो गरी वाचन गर्नेछौं,' सुवेदीको भनाइ छ । चलचित्रलाई नरेशकुमार केसीले निर्देशन गर्नेछन् । उनको यो तेस्रो निर्देशकीय चलचित्र हुनेछ ।

नरेशले यसअघि 'डाइड क्यान्डल' र 'रोमियो एन्ड मुना' गरी दुई चलचित्र निर्देशन गरेका छन् । उनले चलचित्रले मान्छेको स्मृतिदंश र पहिचानबिनाको अवस्थालाई प्रस्तुत गर्ने बताए । 'मानिस जहाँ गए पनि उसलाई उसको स्मृतिले पछ्याइरहन्छ । यो चलचित्रले पनि स्मृति र मान्छेको भूगोलसँग जोडिएको पहिचानको कथा भन्छ । सँगसँगै कथाले आप्रवासनका आयामलाई पनि समेट्ने छ',नरेशले बताए ।

चलचित्रमा सामीप्यराज तिमल्सेनाको पटकथा र अर्जुनको पोखरेलको संगीत रहनेछ । संगीतकार पोखरेलले चलचित्रमा कथासँग जोडिएर आउने गरी गीत तयार गरिने जानकारी गराए । चलचित्रका लागि कलाकार तथा प्राविधिकको टुंगो लाग्न बाँकी छ । निर्माता सुवेदीले केही दिनमै कलाकार र प्राविधिकको नाम सार्वजनिक गर्ने जानकारी गराए । उनले चलचित्रको सुटिङ वैशाखको दोस्रो हप्तादेखि गर्ने योजना रहेको जनाएका छन् ।

# सैफअली खानमाथी मध्यरातमा घरमै आक्रमण

■ एजेन्सी

**मुम्बई–** बलिउड अभिनेता सैफ अली खान माथी आक्रमण भएको छ । वास्तवमा मुम्बईको ब्रान्डामा रहेको अभिनेताको घरमै चोरले आक्रमण गर्दा उनी गम्भिर रूपमा घाइते भएको जनाइएको छ ।

बुधबार राती करिब २:३० बजे भएको घटनापछि हाल अभिनेता खान लीलावती अस्पतालमा उपचाररत छन् । लीलावती अस्पतालका सीओओ डा नीरज उत्तमानीका अनुसार सैफ अली खानको शरीरमा ६ घाउ देखिएको छ, जसमध्ये २ गहिरो रूपमा रहेका छन् ।

एउटा घाउ उनको मेरुदण्डको नजीक र अर्को घाँटीमा छ । उनको शल्यक्रिया सकिएको छ । उनको दुईवटा गहिरो घाउमा प्लास्टिक सर्जरी गरिएको लीलावती अस्पतालका चिकित्सकले बताएका छन् । लिलावती अस्पतालका चिकित्सकले सैफको शरीरमा चक्कुको टुप्पोको दुईवटा निशान घाँटीमा रहेको मिडियालाई बताएका छन् ।



उनका अनुसार सबैभन्दा ठूलो घाउ उनको मेरुदण्डमा थियो । डाक्टरले भने- 'हामीले मेरुदण्डबाट यति ठूलो (औंलाको इशाराले) साढे दुई इन्चको चक्कुको टुक्रा निकालेका छौं ।' मुम्बई प्रहरीका अनुसार राति एक अज्ञात व्यक्ति अभिनेता सैफ अली खानको घरमा प्रवेश गरेपछि घरको सहयोगीसँग झगडा भएको थियो । त्यसपछि अभिनेताले हस्तक्षेप गरेर व्यक्तिलाई शान्त पार्ने प्रयास गरे, उनले सैफ अली खानलाई आक्रमण गरे र घाइते बनाएको प्रहरीले जनाएको छ ।

मुम्बई पुलिसले सैफ अली खानको घरमा काम गर्ने तीन जनालाई हिरासतमा लिएको छ । तीनै जनालाई नियन्त्रणमा लिएपछि प्रहरीले उनीहरूलाई प्रहरी चौकीमा लगेर सोधपुछ गरिरहेको छ ।

## रंगशाला

जय ट्रफी मेन्स एलिट कप

# आर्मीलाई हराउँदै नेपाल पुलिस च्याम्पियन




■ प्रभाव संवाददाता

**काठमाडौं–** जय ट्रफी मेन्स एलिट कप २०८१ को उपाधि नेपाल पुलिस क्लबले जितेको छ । बिहीबार सम्पन्न तीन दिवसीय फाइनलमा अर्को विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई हराउँदै पुलिस च्याम्पियन बनेको हो ।

वीरगञ्जस्थित नारायणी क्रिकेट मैदानमा भएको फाइनलमा पुलिसले आर्मीलाई २८ रनले हरायो । पुलिसले दिएको १०३ रनको लक्ष्य पछ्याएको आर्मी तेस्रो दिनको दोस्रो सेसनमा ७४ रनमा अलआउट भयो । इमरान शेखले सर्वाधिक २८ रन बनाउँदा सोमपाल कामी र विनोद भण्डारीले समान ११ रन बनाए ।

आर्मीलाई अलआउट गर्न पुलिसका दुई स्पीनर काफी रहे । सागर ढकालले ६ तथा ललित राजवंशीले ४ विकेट लिए । सागरले १४.२ ओभरमा ३५ रन खर्चे । ललितले १५ ओभरमा ३९ रन दिए ।

त्यसअघि तेस्रो दिनमा १३२-९ को अवस्थाबाट सुरूवात गरेको पुलिस १३९ रनमा अलआउट हुँदै १०२ रनको अग्रता बनाएको थियो । ओपनर कुशल भुर्तेलले सर्वाधिक ४५ तथा दिलिप नाथले ३४ रन बनाए । आर्मीका साहब आलमले ५ तथा बसिर अहमदले ४ विकेट लिए । साहबले पहिलो इनिङमा ७ विकेट लिएका थिए ।

पहिलो इनिङमा टस हारेर पहिले ब्याटिङ गरेको पुलिसले १३३-९ को अवस्थामा इनिङ घोषणा गरेको थियो । पुलिसका लागि ओपनर कुशल भुर्तेलले सर्वाधिक ५१ रन बनाए । अर्जुन साउदले २८ र अमित श्रेष्ठले २० रन बनाएर आउट भए । आर्मीका साहब आलमले ७ विकेट लिए भने सोमपाल कामी र बसिर अहमदले एक-एक विकेट लिए ।

त्यसपछि जवाफमा आर्मी १७० रन बनाएर अलआउट भएको थियो । आर्मीका भीम सार्कीले सर्वाधिक ५८ रन बनाउँदा बसिर अहमदले ४० रन बनाए । सोमपाल कामीले ३२ रन बनाए । विनोद भण्डारीले १४ र इमरान शेखले १० रन बनाए ।

पुलिसका लागि सागर ढकालले १५.५ ओभरमा ७८ रन खर्चेर ५ विकेट लिए । त्यस्तै कुशल भुर्तेलले ३ तथा ललित राजवंशी र गुल्शन झाले १-१ विकेट हात पारे ।

नेपाल पुलिस क्लब गतवर्षको प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेटको पनि च्याम्पियन हो । पीएम कपको फाइनलमा पनि पुलिसले आर्मीलाई नै हराएको थियो ।

प्रतियोगितामा पुलिस र आर्मीसँगै बागमती प्रदेश र मधेश प्रदेश पनि सहभागी थिए । यी टिमबीच भएको लिगको खेलमा शीर्ष दुई अंक प्राप्त गर्ने टिमका रूपमा पुलिस र आर्मी फाइनल प्रंवेश गरेका थिए ।

# 'ब्याटिङ क्याम्प' सञ्चालन गर्दै क्यान अर्जुनसहित छानिए २० खेलाडी

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले 'ब्याटिङ क्याम्प' सञ्चालन गर्ने भएको छ । क्यानले बुधबार एक सूचना जारी गर्दै युवा ब्याटरका लागि क्याम्प सञ्चालन गर्न लागेको जानकारी दिएको हो । माघ ४ देखि १२ गतेसम्म त्रिवि र मुलपानी क्रिकेट मैदानमा सञ्चालन हुने क्याम्पमा २० खेलाडीलाई बोलाइएको छ ।

यी खेलाडीलाई राष्ट्रिय टोलीका प्रशिक्षक मोन्टी देसाइको प्रत्यक्ष निगरानीमा राखिने छ । खेलाडीको क्षमता अभिवृद्धि गर्न यस क्याम्पको सञ्चालन गर्न लागिएको क्यानले जनाएको छ ।



**छनोट खेलाडीहरू**

लोकेश बम, तृतराज दास, किरण ठगुन्ना, रित गौतम, आकाश त्रिपाठी, सोनु अन्सारी, अर्जुन कुमाल, अंकित सुवेदी, आशुतोष घिरैया, सोहेल कुँवर, अभिषेक तिवारी, विपिन रावल, सन्तोष यादव, नरेन भट्ट, उत्तम थापामगर, शुभ कंशाकार, इम्रान शेख, सन्तोष कार्की, सुजन थपलिया र अर्जुन घर्ती

# समूह विजेता बन्दै नेपाल खो-खो विश्वकपको क्वाटरफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली महिला टोली समूह विजेता बन्दै प्रथम खो-खो विश्वकपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियममा भएको तेस्रो तथा समूह 'सी' को अन्तिम खेलमा बिहीबार नेपालले बंगलादेशलाई ८२-२४ ले हराएको हो । योसँगै नेपाल समूहचरणमा शतप्रतिशत जित निकाल्न सफल रह्यो । समूह 'सी'मा नेपाल, भुटान र जर्मनीसँगै बंगलादेश र श्रीलंका थिए । समूह विजेता बनेको नेपालले चार खेलबाट १२ अंक जोड्यो । बंगलादेश पनि नौ अंकसहित समूह उपविजेता बनेर क्वार्टरफाइनलमा पुग्न सफल भयो ।

यसअघि नेपालले समूहचरणमा जर्मनीलाई ७३-३४, भुटानलाई ९३-२४ र श्रीलंकालाई ११०-१० ले सहजै हराएको थियो । पहिलो खो खो विश्वकपमै नेपालबाट महिला र पुरुष दुवै टोलीले सहभागिता जनाएको छ ।



# गाजामा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता

**दोहा–** इजरायल र हमासबीच युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता भएको छ । कतार र संयुक्त राज्य अमेरिकाले गाजा युद्धविरामबारे बुधबार घोषणा गर्दै यसले गाजामा जारी युद्धको स्थायी अन्त्यका लागि मार्गप्रशस्त गर्ने विश्वास व्यक्त गरेका छन् ।

कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान बिन जसिम अल थानीले बुधबार एक पत्रकार सम्मेलनमा गाजा पट्टीका दुई लडाकुबीच सम्झौता भएको र उनीहरूबीचको युद्धविराम आइतबारदेखि लागू हुने बताएका छन्। उनले भने, 'हामी आशा गर्दछौं कि यो युद्धको अन्तिम चरण हुने छ। सबै पक्षहरू यस सम्झौताका सबै सर्तहरू कार्यान्वयन गर्न प्रतिबद्ध हुने छन् भन्नेमा हामी पूर्णतया विश्वस्त छौं ।'

मध्यस्थताकर्ताहरूले सम्झौता भएको बताएपछि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले सम्झौताका 'अन्तिम विषयमा' काम भइरहेको बताएको छ । नेतन्याहूले बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेन र नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग कुराकानी गरी सम्झौतामा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरेका छन् । इजरायलका राष्ट्रपति आइज्याक हर्जोगले सन् २०२३ को अक्टोबर ७ मा हमासको नेतृत्वमा भएको आक्रमणका क्रममा बन्धक बनाइएकाहरूलाई फिर्ता ल्याउनका लागि यो सम्झौता 'सही कदम' भएको बताएका छन् । इजरायलको इतिहासमै सबैभन्दा घातक उक्त आक्रमणमा परी एक हजार २१० जनाको मृत्यु भएको थियो ।



हमास आक्रमणको बदलामा इजरायलले गाजामा चलाएको कारबाहीमा गाजाको अधिकांश भाग ध्वस्त बनेको छ भने कारबाहीका क्रममा ४६ हजार ७०७ व्यक्तिको मृत्यु भएको संयुक्त राष्ट्रसंघले पुष्टि गरेको छ। मृतकमध्ये अधिकांश सर्वसाधारण रहेका छन् । गाजाको नागरिक सुरक्षा निकायले सम्झौताको घोषणापछि इजरायली आक्रमणमा कम्तीमा २० जनाको मृत्यु भएको जनाएको छ । यसैबीच बाइडेनले यो दिन आएकोमा आफू निकै सन्तुष्ट रहेको बताउँदै वार्तालाई आफ्नो करिअरको 'सबैभन्दा कठिन' भएको बताएका छन् ।

उनले सम्झौताको दोस्रो चरणको सम्झौताले 'युद्धको स्थायी अन्त्य' गर्ने बताउँदै सम्झौता हुनेमा आफू विश्वस्त रहेको बताए । बन्धकहरूको रिहाइको माग गर्दै तेल अभिभमा प्रदर्शन गरिरहेका प्रदर्शनकारीहरूले सम्झौताको समाचार सुनेपछि आपसमा अँगालो हाल्दै खुसी व्यक्त गरेका थिए भने गाजामा पनि हजारौंले सम्झौतापछि खुसियाली मनाएका थिए ।

'म विश्वास गर्न सक्दिनँ कि एक वर्षभन्दा बढीको यो दुःस्वप्न अन्ततः समाप्त हुँदै छ। हामीले धेरै मानिस गुमाएका छौं, हामीले सबै कुरा गुमाएका छौं,' गाजा सहरमा आफ्नो घरबाट विस्थापित ४५ वर्षीया रन्डा समीहले भनिन् । हमासले युद्धविराम 'हाम्रा महान् प्यालेस्टाइनी जनताको महान् दृढता र गाजा पट्टीमा हाम्रो बहादुरीपूर्ण प्रतिरोधको परिणाम' भएको बताएको छ। मध्यस्थताकर्ता कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले सम्झौतालाई मजबुत बनाउने प्रयासलाई तीव्र बनाएपछि पछिल्ला दिनहरूमा युद्ध अन्त्य गर्न दबाब बढेको थियो ।

कतारका शेख मोहम्मदले कायरोस्थित एक निकायमार्फत तीनै देशले युद्धविराम कार्यान्वयनको अनुगमन गर्ने बताए । उनले भने, 'प्रारम्भिक ४२ दिनको युद्धविरामको क्रममा महिला, बालबालिका र वृद्ध साथै बिरामी र घाइतेसहित ३३ जना बन्धकलाई रिहा गरिने छ । साथै, पहिलो चरणमा इजरायली सेना गाजाको घना बस्ती भएका क्षेत्रहरूबाट पछि हट्ने छन् र आदानप्रदानका साथै 'विस्थापित मानिसहरूलाई उनीहरूको निवासमा फर्काइने छ' ।' दोस्रो र तेस्रो चरणमा इजरायली बन्धकहरूको बदलामा रिहा गरिने प्यालेस्टिनी कैदीहरूको संख्यालाई प्रारम्भिक युद्धविरामको ४२ दिनमा 'अन्तिम रूप' दिइने उनले बताए । *रासस/एएफपी*

# 'गाजामा सहायता अवरोध हटाउनु अत्यावश्यक'

**संयुक्त राष्ट्रसंघ, अमेरिका–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले गाजामा हालै भएको युद्धविरामले सहायता वितरणमा आइपर्ने अवरोध हटाउनु 'अत्यावश्यक' भएको बताएका छन् । गुटेर्रेसले प्यालेस्टिनी भूभागको 'अखण्डता'को सम्मान गर्न र शान्ति कायम गर्न सक्षम 'एकीकृत' प्यालेस्टिनी नेतृत्व सुनिश्चित गर्न दबाब दिन पनि आग्रह गरे ।

उनले भने, 'यो युद्धविरामले गाजाभरि सहायता वितरणमा महत्त्वपूर्ण सुरक्षा र राजनीतिक अवरोधहरू हटाउनु अत्यावश्यक छ । यसले तत्काल जीवन बचाउने मानवीय सहायतामा व्यापक वृद्धिका लागि सहयोग गर्न सम्भव हुने छ ।' गुटेर्रेसले घातक द्वन्द्वमा युद्धविरामको आह्वानको नेतृत्व गरेका छन् । संयुक्त राष्ट्रसंघीय निकायले वितरण गरेको सहयोगसहित युद्धग्रस्त क्षेत्रमा निर्बाध रूपमा सहायता प्रवाहका लागि विश्व समुदायको ध्यानाकर्षण गरेका छन् । राष्ट्रसंघका मानवीय सहायता प्रमुखले युद्धविरामले 'आशा र अवसरको क्षण' प्रदान गरेको बताएका छन् ।

'हामी कुनै भ्रममा पर्नु हुँदैन कि बाँचेकाहरूलाई सहयोग प्राप्त गर्न अझै पनि कति गाह्रो हुने छ । यो भन्दा बढी हुन सक्दैन,' मानवीय सहायता



प्रमुख टम फ्लेचरले एक विज्ञप्तिमा भनेका छन् । संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ)ले यो सम्झौतालाई 'लामो समयदेखि पर्खाइमा रहेको' बताएको छ । युनिसेफले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'युद्धले गाजाका बालबालिकामा भयानक क्षति पुऱ्याएको छ, जसमा कम्तीमा १४ हजार ५०० बालबालिकाको मृत्यु भएको छ, हजारौं घाइते भएका छन्, अनुमानित १७ हजार आफ्ना आमाबाबुबाट अलग्गिएका छन् र करिब १० लाख विस्थापित भएका छन् ।

गुटेर्रेसले पत्रकारहरूसँगको कुराकानीमा नयाँ सम्झौतालाई 'महत्त्वपूर्ण पहिलो कदम' भनेका छन् । 'हामीले कब्जा गरिएको प्यालेस्टिनी भूभागको एकता, निरन्तरता र अखण्डताको संरक्षणसहित व्यापक लक्ष्यहासिल गर्न सबै प्रयासलाई परिचालन गर्नैपर्छ,' उनले भने, 'स्थायी शान्ति र स्थिरता हासिल गर्न प्यालेस्टिनी एकता आवश्यक छ र एकीकृत प्यालेस्टिनी शासनलाई उच्च प्राथमिकताको रूपमा रहनुपर्छ भन्ने कुरामा म जोड दिन्छु ।'

गुटेर्रेसले द्वन्द्वमा रहेका सबै पक्षलाई प्यालेस्टिनी, इजरायली र व्यापक क्षेत्रको राम्रो भविष्य सुरक्षित गर्न, कब्जा अन्त्य गर्न र वार्ताद्वारा दुई-राज्य समाधान प्राप्त गर्न अवसरको सदुपयोग गर्न आह्वान गरे । विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का प्रमुखले बुधबार इजरायल र हमासबीच भएको युद्धविराम सम्झौताको स्वागत गर्दै गाजामा स्वास्थ्यको आवश्यकता अझै व्यापक रहेको बताए । उनले 'शान्ति नै उत्तम औषधी हो' भने । टेड्रोस अधानोम गेब्रेयससले एक्समा जारी सन्देशमा भनेका छन्, 'गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौता स्वागतयोग्य र उत्साहजनक छ । सबै पक्षले सम्झौताको सम्मान गर्ने छन् र दिगो शान्तिका लागि काम गर्ने छन् ।' *रासस/एएफपी*

# ब्लु ओरिजिनको नयाँ ग्लेन रकेटको सफलतापूर्वक प्रक्षेपण

**केप क्यानाभेरल, संयुक्त राज्य अमेरिका–** अर्बपति जेफ बेजोसले स्थापना गरेको अन्तरिक्ष कम्पनी ब्लु ओरिजिनले बिहीबार पहिलोपटक आफ्नो विशाल न्यु ग्लेन रकेटको सफलतापूर्वक प्रक्षेपण गरेको छ । अमेरिकी राज्य फ्लोरिडास्थित 'केप क्यानाभेरल स्पेस फोर्स बेस' बाट स्थानीय समयअनुसार बिहान २:०३ बजे रकेट प्रक्षेपण गरिएको हो । यो मिसनलाई ब्लु ओरिजिनले एलोन मस्कको व्यावसायिक अन्तरिक्ष उद्योगमा हावी स्पेसएक्ससँग प्रतिस्पर्धा गर्ने प्रयासका लागि महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ । 'लिफ्ट अफ ! न्यु ग्लेनले आफ्नो पहिलो आरोहण ताराहरूतर्फ सुरु गर्दै छ,' ब्लु ओरिजिनले सामाजिक सञ्जाल प्लेटफर्म एक्समा एक सन्देश जारी गरी उल्लेख गरेको छ ।

'न्यु ग्लेनले अन्तरिक्षको अन्तर्राष्ट्रिय मान्यताप्राप्त सीमा 'कार्मन लाइन' पार गरेको छ !' फर्मले प्रक्षेपणको केही मिनेटपछि गरेको पोस्टमा उल्लेख छ । न्यु ग्लेन इन्जिनबाट छुट्टिएर दोस्रो चरणमा प्रवेश गरिसकेको छ र अहिले न्यु ग्लेनको दोस्रो इन्जिन र पेलोड अब कक्षमा पुगेका छन् । प्रसिद्ध अमेरिकी अन्तरिक्षयात्री जोन ग्लेनको सम्मानमा न्यु ग्लेन नाम दिइएको ३२० फिट (९८ मिटर) अग्लो रकेटको प्रारम्भिक परीक्षण सोमबार बिहान गरिने तयारी भए पनि प्रक्षेपणको तयारीको अन्तिम क्षणमा पटक-पटक रोकिएपछि प्रक्षेपण मिसनलाई स्थगित गरिएको थियो ।

अमेजनका संस्थापक बेजोसले विश्वको एकमात्र आफूभन्दा धनी व्यक्ति एलन मस्कसँगको प्रतिस्पर्धालाई न्यु ग्लेन-१ (एनजी-१) को सफलतासँग हेरेको अन्तरिक्षबारे जानकार विश्लेषकहरूले बताउने गरेका छन् । मस्कको कम्पनी स्पेसएक्सले आफ्नो उत्कृष्ट फाल्कन नौ रकेटमार्फत कक्षीय प्रक्षेपणले व्यावसायिक क्षेत्र, पेन्टागन र नासाका लागि महत्त्वपूर्ण प्रभाव जमाएको छ । *रासस/एएफपी*

# चीनमा स्मार्टफोन बिक्रीमा एप्पल स्थानीय प्रतिद्वन्द्वीभन्दा कमजोर

**बेइजिङ–** एप्पलका लागि उत्कृष्ट बजार रहेको चीनमा सन् २०२४ मा यसले सबैभन्दा बढी बिक्री हुने स्मार्टफोन ब्राण्डको हैसियत गुमाएको नयाँ तथ्यांकले देखाएको छ । क्यालिफोर्नियामा मुख्यालय रहेको विश्वप्रसिद्ध विशाल प्रविधि कम्पनी एप्पलले विश्वको दोस्रो ठूलो अर्थतन्त्र भनिने चीनमा बिक्रीको १५ प्रतिशत बजार हिस्सा लिएको छ । चीनको स्थानीय बजारमा एप्पललाई पछि पार्दै हुवावेले १६ प्रतिशत र भिभोले १७ प्रतिशत बजार हिस्सा ओगटेको आद्योगिक तथ्यांक प्रदायक क्यानालिसले जनाएको छ ।

साथै, चीनमा कूल स्मार्टफोन बिक्रीमा निकै तल रहेका चिनियाँ ब्राण्ड ओपो र अनरले पनि करिब १५ प्रतिशत बिक्रीको हिस्सा लिँदै एप्पललाई चुनौती दिएका छन्। बजारमा गिरावटको सामना गरिरहेको एप्पलले चीनमा सन् २०२३ मा पाँच करोड १० लाख ८० हजार आइफोन बिक्री गरेकोमा यो संख्या सन् २०२४ मा चार करोड २० लाख ९० हजारमा सीमित भएको छ ।

क्यानालिसका रिसर्च म्यानेजर अम्बर लिउले 'तीव्र प्रतिस्पर्धाका कारण' एप्पलको बजार खस्किनुको प्रमुख कारण तीव्र प्रतिस्पर्धाका कारण निरन्तर बदलिँदो परिदृश्य आएको छ । शीर्ष स्थानमा रहेको भिभोले गत वर्ष 'बलियो गति' देखाएको उल्लेख गर्दै लिउले भने, 'कम्पनीको रणनीतिले 'इन्ट्री लेभलदेखि मिड-टु-हाई-इन्ड सेग्मेन्टमा आफ्नो स्थान बलियो बनाउन' मद्दत गरिरहेको छ ।' यसैबीच, शेन्जेनस्थित टेक जायन्ट हुवावे, जुन कुनै समय राष्ट्रिय सुरक्षा चिन्ताका कारण वासिङ्टनबाट कडा प्रतिबन्धहरूको लक्ष्य थियो, २०२४ मा यसको घरेलु बजारमा पुनरुत्थान जारी राख्यो । क्यानालिसको तथ्यांकअनुसार कम्पनीले गत वर्ष कूल स्मार्टफोन शिपमेन्टमा ३७ प्रतिशतले वृद्धि हासिल गरेको छ ।

एप्पलको आइफोन चीनमा अझै पनि लोकप्रिय छ, तर विशाल बजारका धेरै उपभोक्ताहरूले हालका वर्षहरूमा घरेलु विकल्पहरूमा स्वीच गरेका छन् किनकि क्षेत्र प्रतिस्पर्धा तीव्र भएको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत टिम कुकले गत वर्ष धेरै पटक चीनको भ्रमण गरेका थिए । क्यानालिसको तथ्यांकअनुसार एप्पलको चौथो त्रैमासिक स्मार्टफोन शिपमेन्टमा २५ प्रतिशतले गिरावट आएको छ ।

रिपोर्टमा भनिएको छ, 'चौथो त्रैमासिकमा मुख्य भूमि चिनियाँ स्मार्टफोन बजार पाँच प्रतिशतले वृद्धि भएको छ र कूल शिपमेन्ट ७७.४ मिलियन युनिट पुगेको छ ।' *रासस/एएफपी*


## युएइमा रोजगार

कम्पनी : AZB INTERNATIONAL FZCO

पूर्व स्वीकृति मिति २०८१/१०/०३ | LT. No. 317049 | चलानी नं. ६०२३१३८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 800 | ३०,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NARESCO CONTRACTING OWNED BY ABDULLA ABDULKARIM ALARIF ONE PERSON COMPANY L.L.C

पूर्व स्वीकृति मिति २०८१/१०/०३ | LT. No. 317241 | चलानी नं. ६०२३१३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/Labour | 100 | 0 | 1200 | ४५,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason (Block & Plaster/Ceramic & Ti | 20 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 3 | Shuttering Carpenter | 30 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 4 | Steel Fixer | 30 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 5 | TILE MASON | 20 | 0 | 1200 | ४५,२६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Tara International Overseas Services Pvt. Ltd.
Damodar Marga, Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

## ओमनमा रोजगार

कम्पनी : TECHNICAL SERVICES AND ROCK BLASTING CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317173 | चलानी नं. ६०२३१३९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BLASTER WORKER | 56 | 0 | 100 | ३५,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. Manpower Service Pvt. Ltd.
Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695 E-mail: grmanpower861@gmail.com
श्रम इजाजत नं. ८६१/०६६/०६७

## युएइमा रोजगार

कम्पनी : TECHNICAL GLASS & ALUMINUIM FACTORY

पूर्व स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 317050 | चलानी नं. ६०२२६४५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Doors Maker | 15 | 0 | 1200 | ४५,२६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ALUMINIUM FABRICATOR | 1 | 0 | 1400 | ५२,८०५ | | | | | | | |
| 3 | Aluminium Fitter | 19 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 4 | GLASS BLOWER | 26 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 5 | Glass Maker | 15 | 0 | 1200 | ४५,२६१ | | | | | | | |
| 6 | Glass Polisher | 10 | 0 | 1200 | ४५,२६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम इजाजत नं. ७५१/०६४/०६५

## साउदीमा रोजगार

कम्पनी : Daeah Saudi Arabia LTD....

पूर्व स्वीकृति मिति : २०८१/०८/०६ | LT. No. 313979 | चलानी नं. ६०२३१३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1200 | ४४,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

## कुवेतमा रोजगार

कम्पनी : VINE GRAPE LEAVES RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८०/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 300550 | चलानी नं. ६०२१५४५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper (Indoor) | 0 | 15 | 85 | ३८,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०३/२७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 307235 | चलानी नं. ६०२२२०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 78 | 0 | 1000 | ३६,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ishan Overseas Pvt. Ltd.
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273, E-mail : maniishannepal@gmail.com
श्रम इजाजत नं. ५३२/२०६१/०६२

## बहराईनमा रोजगार

कम्पनी : YOUNGJIN ENTERPRISE CO.LTD

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/०३ | LT. No. 305527 | चलानी नं. ६०२२०३०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 300 | 0 | 100 | ३५,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ ११ गते (24th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०–०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५६६०० | प्रति तोला – ० | प्रति तोला – १८८० |



**अल्लोको कपडा बुन्दै** | म्याग्दी सदरमुकाम बेनीमा जारी आठौँ म्याग्दी महोत्सव एवं माघे सङ्क्रान्ति मेलामा तानमा अल्लाको धागोबाट कपडा तयार गर्दै मालिका गाउँपालिका–२ रुमकी ८५ बर्षिया कुमारी घर्ती । मालिका गाउँपालिकाले आफ्नो पालिकाको उत्पादन, प्रविधि र सिपलाई समेत महोत्सवस्थलमा प्रदर्शनीमा राखेको छ । *तस्बिर : कमल खत्री/रासस*

# भेरी करिडोर सडक स्तरोन्नति गर्न चार अर्ब बजेट सुनिश्चित

■ **प्रभाव संवाददाता**

**काँक्रेविहार–** कर्णाली प्रदेशको महत्वपूर्ण आयोजनाका रूपमा रहेको भेरी करिडोर सडक खण्डको स्तरोन्नति गर्न अर्थ मन्त्रालयले रु चार अर्ब २० करोड बजेट सुनिश्चित गरेको छ । नलगाड नगरपालिका-१२ तल्लुदेखि डोल्पाको त्रिपुराकोटसम्म स्तरोन्नति गर्न मन्त्रालयले उक्त बजेट सुनिश्चित गरेको हो ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आग्रहमा अर्थले बजेट सुनिश्चित गरेको प्रतिनिधिसभा सदस्य तथा पूर्व सहरी विकासमन्त्री धनबहादुर बुढाले जानकारी दिए । लामो समयदेखि बजेट अभावले रोकिएको करिडोर निर्माणले अब गति लिने पूर्वमन्त्री बुढाले बताए । भेरी करिडोर सडक दुई सय १७ किलोमिटर हुने जनाइएको छ । त्यसमध्ये जाजरकोट-डोल्पा सदरमुकाम दुनैसम्म एक सय १८ किलोमिटर छ । हाल जाजरकोटबाट तल्लुसम्मको ६२ किलोमिटर खण्डमा स्तरोन्नति भइरहेको छ । अब तल्लुबाट दुनै सम्मको बाँकी ५६ किलोमिटर सडकमध्ये तल्लु-त्रिपुराकोटसम्मको ४२ किलोमिटर सडक स्तरोन्नति गरिने भएको हो ।

बजेट सुनिश्चित भएसँगै नेपाली सेनाले ट्र्याक खोलेको उक्त खण्डमा अब नयाँ ठेक्का आह्वान गरी स्तरोन्नति गरिने भेरी करिडोर आयोजना प्रमुख सुनिल रञ्जितकारले जानकारी दिए । पूर्वमन्त्री बुढाका अनुसार केही दिनमा पुल निर्माणका लागिसमेत बजेट सुनिश्चित गर्ने तयारी भइरहेको छ । हाल बेलिब्रिज भएको स्थानमा पक्की पुल निर्माण गर्ने आयोजनाको लक्ष्य छ ।

त्रिदेशीय सडकको रूपमा विकास गर्ने लक्ष्य लिइएको भेरी करिडोरको दुनै-लासिक्याप खण्डको काम निर्माण व्यवसायीले ढिलाइ गर्दा लक्ष्यअनुसार उपलब्धि नहुने सम्भावना बढेको छ । ठेक्काको म्याद सकिन एक वर्ष बाँकी हुँदा पनि १५ प्रतिशत मात्र भौतिक प्रगति रहेको छ । उक्त सडक खण्ड निर्माण गर्न सूर्य-श्रेया-शान्तिदेवी जेभी काठमाडौँले रु १३ करोड ४२ लाखमा ठेक्का लिएको थियो ।

लासिक्यापबाट मरिमसम्मको सडक नेपाली सेनाले निर्माण गर्ने तयारीका साथ सेनाले रक्षा मन्त्रालयबाट भौतिक मन्त्रालयमा अनुमतिका लागि पत्र पठाइसकेको छ । कर्णेल विश्वबन्धु पहाडीको नेतृत्वमा रहेको नेपाली सेनाले भेरी करिडोर अन्तर्गत जाजरकोट सदरमुकामदेखि डोल्पाको सदरमुकाम दुनैसम्म सडक ट्र्याक खोल्ने काम विसं २०६५ मा सुरु गरेको थियो । दुनैबाट चीनको सिमानासम्म रहेको मरिम नाकासम्मको कूल एक सय किलोमिटरमध्ये नेपालतर्फ ४० किलोमिटर सडक निर्माण भइसकेको छ । दुनैबाट धोसम्म सडक बन्न बाँकी छ ।

भेरी करिडोरको जाजरकोट-डोल्पा सडक खण्डको पुल निर्माणको ठेक्का क्याराभान हिराचन जेभीले लिए पनि काम सुरु गरेको छैन । जेभीले विसं २०७७ माघ २ गते जाजरकोटको नलगाड खोला, झुम्रेखोलामा पुल निर्माणको ठेक्का लिएको थियो । त्यस्तै सोही कम्पनीले २०७७ माघ २ मै मैदेखोला, त्रात्र खोला, ताक्सुगाडमा पुल निर्माणको ठेक्का लिएको थियो । ठेक्का लिने तर काम नगर्नाले भेरी करिडोरमा पक्की पुल निर्माण हुनसकेका छैनन् ।

# हेटौंडा सिमेन्ट उद्योगमा आर्थिक संकट

## तीन महिनादेखि उत्पादन बन्द

■ **प्रभाव संवाददाता**




**बागमती–** हेटौंडा सिमेन्ट उद्योगमा आर्थिक संकट गहिरै जाँदा सिमेन्ट उत्पादन अन्यौलमा परेको छ । उद्योग व्यवस्थापनले उद्योगको विभिन्न उपकरण मर्मतको काम गर्नुपर्ने जनाउँदै गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो ।

उपकरण मर्मतसम्भार गरी गत मङ्सिरको पहिलो साताबाटै उत्पादन सुरु गर्ने बताए पनि उपकरण मर्मतको काम नसकिएकाले उत्पादन सुरु गर्न नसकेको उद्योग प्रशासनले जनाएको छ । 'उत्पादन सुरु हुन नसक्नुमा उपकरण मर्मत एउटा पाटो हो, तर त्यो मात्रैले पनि उत्पादन रोएिको होइन', हेटौंडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भने, 'आर्थिक समस्या बढ्दै गएकाले कहिलेदेखि उत्पादन सुरु गर्ने भन्ने अन्यौलता बढ्केको हो ।'

'अहिले उत्पादन ठप्प छ, तर नियमित खर्च छ जस्ताको त्यस्तै छ', हेटौंडा सिमेन्ट उद्योगका प्रशासन प्रमुख तथा प्रवक्ता हरेराम आचार्यले भने, 'उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीको तलब भत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ', 'यसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइै नै हाल्यो', उनले भने । उत्पादन बन्द हुँदा कर्मचारी त्यतिकै बसेर दिन बिताइरहेका छन् । सो उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेको प्रवक्ता आचार्यले बताए ।

उनका अनुसार तत्काल उद्योग सञ्चालनका लागि उद्योगलाई चाहिने आवश्यक कच्चा पदार्थको समेत समस्या छ । 'उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ', उहाँले भन्नुभयो, 'तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।' यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी गर्न सकिएको छैन', उनले भने ।

आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थप्रिएको छ । 'विद्युत् उपभोग त गऱ्यो तर महसुल बुझाउन सकिएनौं', उनले भने, 'अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न सकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला', त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उहाँको कथन छ ।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरणहरू पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकको भनाइ छ । 'उपकरण पुरानो र बिग्रिसकेको अवस्थामा छ, त्यस्तो अवस्थामा हामीले अपेक्षाकृत रूपमा सिमेन्ट उत्पादन गर्न सकिरहेका छैनौं', उद्योगका प्राविधिक प्रमुख कामेश्वर मण्डलले भने, 'त्यही भएर हामी अहिले पुरानो उपकरणको मर्मत गरिरहेका छौं, त्यसमा मेकानिक लगिरहनुभएको छ, धेरै कामहरू सकिसकेको छ र थोरै बाँकी छ, छिट्टै मर्मत काम सक्छौं ।' त्यसपछि सिमेन्ट उत्पादन गर्न सकिने उनको भनाइ छ ।

एकपछि अर्को समस्यासँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगले गत २०८१ भदौ महिनाको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको सो उद्योगले यस अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको थियो । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको सो उद्योग आर्थिक समस्याका कारण थलिएको छ ।

उपकरणको मर्मत कार्य सम्पन्न भएर यही पुस महिनाको दोस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गर्ने तयारी गरिए पनि उपकरण मर्मत गर्न अझ समय लाग्ने भएकाले उत्पादनमा ढिलाइ भएको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए ।

'उद्योगको क्लिनिकलर मेसिनलगायतका उपकरणको मर्मत कार्य अझै भइरहेकै छ', अध्यक्ष भण्डारीले भने, 'हामीले पुसको दोस्रो सातासम्ममा मर्मत सकिन्छ र त्यसलगतै पुनः सिमेन्ट उत्पादको कार्य सुरु गर्ने अनुमान गरेका थियौं ।' तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योगको उत्पादन सुचारु हुन अझै केही दिन लाग्न सक्ने उनको भनाइ छ ।

उद्योगसँग आर्थिक समस्याका बाबजुत पनि उपकरणको मर्मत कार्यसम्पन्न हुने बित्तिकै सिमेन्ट उत्पादन सुरु गर्ने गरी तयारी भईरहेको उनले बताए । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मतसम्भारमा समय लागेको बताउँदै अध्यक्ष भण्डारीले मर्मतसम्भारको काम तीव्ररूपमा भइरहेकाले छिट्टै सकिने र त्यस लगत्तैबाट उत्पादन सुरु गर्ने तयारी भएको बताए ।

# आक्रामक योजनासहित आयो 'सजिलो साथी'

■ **विविशा पौडेल**




**काठमाडौं–** राइड सेयरिङ प्लेटफर्म 'सजिलो साथी'ले आक्रामक योजनाका साथ सेवा विस्तार गरेको छ । राइड सेयरिङको प्रतिस्पर्धी बजारमा फरक प्लेटफर्मको रूपमा स्थापित गर्ने योजनाका साथ सजिलो अघि बढेको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

यही क्रममा कम्पनीले वरिष्ठ विमान चालक तथा कलाकार क्याप्टेन विजय लामालाई सहसंस्थापक र कोलाबोरेटिभ क्याटलिस्ट प्रालिलाई पनि साझेदारको रूपमा भित्र्याएको छ । यो साझेदारीले कम्पनीको सेवालाई थप मजबुत्, प्रभावकारी र विश्वसनीय बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने कम्पनीको दाबी छ । हाल करिब डेढ लाख सेवाग्राहीसँग जोडिएको सजिलोले आगामी एक वर्षमा १० लाख ग्राहक पुऱ्याउने लक्ष्य राखेको छ ।

नेपाली चलचित्र तथा उड्डयन क्षेत्रमा ४० वर्षदेखि क्रियाशील लामाले सजिलो साथीसँग जोडिन पाएकोमा खुसी व्यक्त गरे । उनले युवाहरूलाई स्वदेशमै रोजगारी प्रदान गर्ने उद्देश्यले सुरु भएको यो प्लेटफर्मलाई स्थापित गर्न आफ्नो अनुभवलाई प्रयोग गर्ने प्रतिबद्धता जनाए । 'सजिलो नामै काफी छ,' पत्रकार सम्मेलनमा क्याप्टेन लामाले भने, 'उत्कृष्ट सेवामार्फत विगत ४० वर्षमा मैले विमान चालक, चलचित्रकर्मी र सञ्चारकर्मीको रूपमा पाएको विश्वास सजिलो साथीमा पनि स्थापित गर्ने छु ।'

उनले नेपाली पुँजीलाई विदेसिनबाट रोक्न सबैले साथ दिनुपर्नेमा जोड दिए । 'हाम्रो पुँजी बाहिर जान नदिन नेपालमै बनेको यो एप प्रयोग गरौं,' उनले भने । क्याप्टेन लामाले राइडरले आफ्नो पेसाप्रति गर्व गर्नसक्ने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए । उनले आफू पनि राइडरको रूपमा जोडिने घोषणा गरे । 'नेपालमै बनेको एप'को रूपमा प्रचार गरिएको यो प्लेटफम सन् २०२२ बाट परीक्षणको रूपमा सञ्चालनमा आएको थियो । सजिलो साथीको प्रमुख कार्यकारी अधिकृत (सिइओ) अमिर लामाले लामो अध्ययन र परीक्षणपश्चात् सजिलोलाई भरपर्दो र विश्वासिलो बनाइएको बताए । उनले चालक र यात्रुको सुरक्षा कम्पनीको पहिलो प्राथमिकता भएको जानकारी दिए ।

'यात्रु र चालक दुवैका लागि बिमा सुविधा उपलब्ध गराउन शिखर इन्स्योरेन्ससँग सम्झौता गरेका छौं,' सिइओ लामाले भने, 'यसबाहेक कमिसनबाट प्राप्त रकमको १० प्रतिशत जम्मा गर्ने गरी सजिलो कोषसमेत व्यवस्था गरिएको छ, जसबाट यात्रु र चालकलाई आपत्कालीन समयमा सेवा प्रदान गरिने छ ।' कम्पनीका प्रबन्ध निर्देशक दिवाकर खनालले नेपालमै पहिलोपटक 'जियोबेस फेयर सिस्टम' सुरु गर्न लागेको जानकारी दिए । हाल काठमाडौं उपत्यकामा मात्र सेवा दिइरहेको यस कम्पनीले आगामी छ महिनाभित्र देशभर सेवा विस्तार गर्ने जनाएको छ ।

कम्पनीले आगामी फागुन १ गतेबाट चालकबाट कमिसन लिने पनि घोषणा गरेको छ । जसमा दुईपांग्रे सवारीमा १० प्रतिशत, क्याबमा छ प्रतिशत र हात्तीगाडीमा पाँच प्रतिशत कमिसन लागू गरिने जानकारी दिइएको छ ।

# पर्यटन व्यवसायी प्रेम घलेको निधन

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** पर्यटन व्यवसायी प्रेम घलेको ४८ वर्षको उमेरमा निधन भएको छ । उनको उपचारको क्रममा हेम्स अस्पतालमा निधन भएको हो ।

घले केही महिनादेखि ब्लड क्यान्सर लागेर अस्पताल भर्ना भएका थिए । घलेको पार्थिव शरीर श्रद्धाञ्जलिका लागि उनको निवासमा राखिएको छ । उनको दाहसंस्कार गुरुङ संस्कारअनुसार सोमबार गरिने पारिवारिक स्रोतले जनाएको छ ।

घले सक्सेस ट्राभल्सका सञ्चालक हुन् । उनले ट्राभल्ससँगै अन्य व्यावसाय पनि सञ्चालन गर्दै आएका थिए ।

नेपालमा गुणस्तरीय पर्यटक भित्र्याउनका लागि उनको महत्वपूर्ण योगदान रहेको पर्यटन व्यवसायीहरूको भनाइ छ । घलेको निधनसँगै नेपालले एक सफल युवा पर्यटन व्यवसायी गुमाएको छ । उनको निधनमा विभिन्न ट्राभल्ससँग सम्बन्धित संघ संस्था र पर्यटन व्यवसायीहरूले दु:ख ब्यक्त गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ